लेखापरीक्षण प्रतिवेदन

बेनी नगरपालिका, म्याग्दी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बेनी नगरपालिका, म्याग्दी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/373

मिति : २०८३-१-२८

श्रीमान् प्रमुखज्यू,
बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बेनी, म्याग्दी ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/373

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् प्रमुखज्यू,
बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बेनी, म्याग्दी।

१. कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय व्यय तर्फ रु. १ अर्ब ७३ करोड ६४ लाख ६७ हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड ८ लाख २७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ५५ लाख ८२ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. २८ लाख २ हजार, नियमित गर्नुपर्ने रु. ९ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १० लाख ३६ हजार र पेस्की बाँकी रु. ५ लाख २ हजार समेत यस वर्षको बाँकी बेरुजु रु. ५२ लाख ४५ हजार (लेखापरीक्षण अङ्कको ०.३० प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. १५ करोड ८२ लाख २२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू. २ करोड ६३ लाख १३ हजारको सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. १३ करोड ७१ लाख ५४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५७	४२	१,०८,२७,०७७	१	१२	५५,८२,१५८	०	५६	३०	५२,४४,९१९	२८,०२,००३	९,०४,९९१	१०,३५,९२५	०	०	१९,४०,९१६	५,०२,०००

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
म्याग्दी	१५,८२,२२,२८१	०	२,६३,१३,१०८	१३,१९,०९,१७३	0	५२,४४,९१९	१३,७१,५४,०९२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३२	मू.अ.कर दाखिलाः	५,४०,४९५
२	२०८१/८२	४१	बेनी अर्थुङ्गे पुलाचौर सडक निर्माणः	८३,१७३
३	२०८१/८२	३५	बेनी अर्थुङ्गे तोरिपानी पाखापानी सडक (संघीय समपुरक):	५,२६,९८८
४	२०८१/८२	३८	बढी भुक्तानीः	९७,९१९
५	२०८१/८२	२८	पेश्कीको व्याजः	१४,३३८

६	२०८१/८२	३०	धरौटी फिर्ताः	१८,०६,५११
७	२०८१/८२	३१.३	तातोपानी कुण्ड व्यवस्थापनः	१४,३९,५१२
८	२०८१/८२	५०.२	तलब भत्ता भुक्तानीः	५,४०,०००
९	२०८१/८२	३३	घर बहाल करः	५,३३,२२२
१०	२०८१/८२	३.३	आर्थिक कारोबारको एकीकृत विवरणः	०
जम्मा				**५५,८२,१५८**
गत विगत आर्थिक वर्षहरुको सम्परीक्षण				
११	२०८०/८१	-	सोझै खरिदः	५८,०४,६१७
१२	२०८०/८१	-	सामाजिक सुरक्षा तर्फः	२८,७१६
१३	२०८०/८१	-	ननफाइलरः	५,६६,२८९
१४	२०८०/८१	-	कार्य सम्पन्न प्रतिवेदनः	६८,९९,४२३
१५	२०८०/८१	-	उपभोक्ता समितिमार्फत निर्माणः	१,०५,४०,७३२
१६	२०८०/८१	-	उपभोक्ता मार्फत खरिदः	८,९९,०००
१७	२०८०/८१	-	अन्य निकाय खर्चः	१०,४५,४३१
१८	२०७९/८०	-	निर्माण कार्य-	१,४४,७५०
१९	२०७९/८०	-	आन्तरिक आय -	१७,२५०
२०	२०७८/७९	-	भ्रमण खर्च -	१०,५००
२१	२०७७/७८	-	पदाधिकारी सुविधा	३,५६,४००
जम्मा				**२,६३,१३,१०८**
कुल जम्मा				**३,१८,९५,२६६**

बेनी नगरपालिका, म्याग्दी

(८०४४४४०१३००)

बेनी नगरपालिका , म्याग्दी

परिचय

१ **परिचय**

क) कार्यालय परिचयः- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।

ख) लेखापरीक्षणको उद्देश्यः- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधिः- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१७ देखि २०८२।५।२७ सम्म रहेको छ।

घ) लेखापरीक्षण विधिः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) लेखापरीक्षणको सीमाः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

च) आर्थिक कारोबारको स्थितिः- यस वर्ष पालिकाको आय — व्ययतर्फ रु. १ अर्ब ७३ करोड ६४ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरुः- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छन्।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्न छन्।

• कतिपय सन्दर्भमा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको छ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही भएको छैन।

• पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख राखेको पाइएन।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन।

• सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोबारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणालीको नियन्त्रण व्यवस्था (Application Control), पहुँचमा नियन्त्रण (Access Control) लगायतका विषय समावेश हुन्छन्। सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फाराम नं. ९०१ र ९०२ बमोजिम कार्यान्वियन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म.ले.प. फाराम नं. ९०३ मा नराखेको, सफ्टवेयर फेलिअर वा अन्य असामान्य अवस्थालाई ध्यान दिई भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन।

• बेरुजुको अद्यावधिक लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ। म.ले.प. फाराम नं. ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख राखेको छैन।

• पालिकाले म.ले.प. फाराम नं. ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म.ले.प. फाराम नं. ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख राखेको छैन।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेस्की तथा बेरुजुको लगत तयार गरेको छैन। यसबाट गत विगतका बेरुजु तथा पेस्की हराउने वा छुट्ने हुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

उपरोक्त बुँदा समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ आर्थिक कारोबारको एकीकृत विवरणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

आर्थिक कारोबारको एकीकृत विवरण - २०८१।८२

आय			व्यय		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		**५४२४९४६८.४०**	**चालु खर्च**		४७८३०३९७७.२०
१.संचित कोष	३१११४८९५.१७		१. पालिका तर्फ	१४२११४७२२.९०	
२.धरौटी	८३१९५७९.९१		२. संघीय सशर्त	३३६१८९२५४.३०	
३.कार्यसञ्चालन कोष	१४८१४९९३.३२		**पुँजीगत खर्च**		**१७७२१५५५०.५०**
यस वर्षको आय		**६८५२०५१७०.४४**	१. पालिका तर्फ	१३६४१९९१३.३०	
१.आन्तरिक आय		३९४६८०६४.८१	२. संघीय सशर्त	२२८४४७७१.१६	
२. वित्तीय हस्तान्तरण (संघ)		५९६२३५८५४.२२	३. संघीय समपुरक	१०७७५८६६.००	
क) समानीकरण अनुदान	१०९०१८०००.००		४. प्रदेश विशेष	२८८२०००.००	
ख) राजस्व बाँडफाँट	९०९७७१९२.५२		५. प्रदेश समपुरक	४२९३०००.००	
ग) सशर्त अनुदान	३८५३३१०००.००		**अन्तर सरकारी अख्तियारी (संघ)**		**१६१८८५४७६.००**
घ) समपुरक अनुदान	१०७७५८६६.००		क) सामाजिक सुरक्षा	१५४९४०४७६.००	
ङ) रोयल्टी	१३३७९५.७०		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६९४५०००.००	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		४९५०१२५१.४१	**धरौटी फिर्ता तथा सदर स्याहा**		४३१३७७०.२२
क) समानीकरण अनुदान	१५९४३०००.००		**कार्यसञ्चालन कोषको खर्च**		**१९०१४४०३.८४**
ख) राजस्व बाँडफाँट	२६३८३२५१.४१		**अनुदान फिर्ता**		**२६२९६९७४.५०**
ग) समपुरक अनुदान	४२९३०००.००		१. संघ तर्फ		२६२९६९७४.५०
घ) विशेष अनुदान	२८८२०००.००		क) सशर्त अनुदान	२६२९६९७४.५०	
४. अन्तर सरकारी अख्तियारी (संघ)		**१६१८८५४७६.००**	**अन्तिम मौज्दात**		**५६६५६५५६.४४**
क) सामाजिक सुरक्षा	१५४९४०४७६.००		१. संचित कोष	३४५०३५६३.४४	
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६९४५०००.००		२. धरौटी	८१२८१६४.६९	
५. धरौटी आय		**४१२२३५५.०३**	३. कार्यसञ्चालन कोष	१४०२४८२८.३१	
६. अन्य कोषको आय (विविध खर्च खाता)		१८२२४२३८.८३			
जम्मा		९२३६८६७०८.७०	**जम्मा**		९२३६८६७०८.७०

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

३.१ **वित्तीय विवरणको यथार्थता:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण बापतको खर्च रु. १५ करोड ४९ लाख ४० हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फको रु. ६९ लाख ४५ लाख समेत गरी जम्मा रु. १६ करोड १८ लाख ८५ हजारको कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन।

३.२ **खर्च विश्लेषण:** पालिकाले यस वर्ष गत वर्षको बाँकी मौज्दात रु. ५४२४९४६८.४०, आन्तिरक आयबाट रु. 39468064.81, राजस्व बाँडफाँड र विभिन्न अनुदान (अन्य आय र अन्तरसरकारी हस्तान्तरण समेत) बाट रु. ८२,९९,६९,१७५.५० गरी जम्मा रु. ९२,३६,८६,७०८.७० आम्दानी प्राप्त गरेकोमा चालु तर्फ (अन्तरसरकारी अख्तियारी समेत) रु. ६४,०१,८९,४५३.२०, पुँजीगत तर्फ रु. १७,७२,१५,५५०.५० र अन्य खर्च रु. २,३३,२८,१७४.०७ समेत रु. ८४,०७,३३,१७७.८० खर्च भएको छ। कुल खर्चमा पालिकाको आन्तरिक आयको हिस्सा ४.७० प्रतिशत मात्र रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. १ करोड २८ लाख ८६ खर्च भएको छ जुन आन्तरिक आयको ३२.६५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको कुल रकम रु. ६४,५७,३७,१०५.६० बाट चालु खर्चको लागि स्रोत पुगेर केही मात्रै बचत भएको देखिन्छ भने पालिकाले प्राप्त गरेको सबै अनुदान र राजस्व बाँडफाँटको कुल रकमको २७.४४ प्रतिशत मात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण

प्रयोजनमा न्यून खर्च गरेको र चालु प्रकृतिका प्रशासनिक कार्यक्रममा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकमका साथै आन्तरिक स्रोतको अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.३ **जिम्मेवारी फरक परेको:**

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३.४ **संचितकोषको वास्तविक बैंक मौज्दात भन्दा सुत्र प्रणालीमा घटी देखिएको:** नगरपालिकाको नेपाल बैंक लि. बेनी शाखामा रहेको खातामा यस आर्थिक वर्षको संचितकोषको बैंक मौज्दात रु. ३,४५,९६,३५६.६५ रहेकोमा सुत्र प्रणालीको म.ले.प. फाराम नं. २७० को बैंक तथा नगद मौज्दातको विवरणमा सो मौज्दात रु. ३,४५,०३,५६३.४४ मात्र देखाएको पाइयो। बैंकमा रहेको मौज्दात बराबर नै सुत्र प्रणालीमा समेत बाँकी मौज्दात देखाउनु पर्नेमा सो भन्दा फरक देखाएकोले घटी मौज्दात देखिएको रकम रु. ९२,८०३.२१ को हिसाब मिलान हुनुपर्दछ।

३.५ **विभाज्य कोषको नगद मौज्दात:** सुत्र प्रणालीको म.ले.प. फाराम नं. २७० को बैंक तथा नगद मौज्दातको विवरणमा यस कार्यालयको विभाज्य कोषमा रु. २०,०००.०० नगद मौज्दात देखाएको पाइयो। विभाज्य कोषमा कुनै पनि मौज्दात नरहेको तर सुत्र प्रणालीमा देखिएको समस्याको कारण सो मौज्दात रकम देखाएकोले सो समस्या समाधानको लागि च.नं. २७ मिति २०८२।०४।०६ को पत्रबाट महालेखा नियन्त्रक कार्यालयलाई हिसाब मिलान गरिदिन भनी पत्र पठाएको पाइयो। सुत्र प्रणालीमा देखिएको समस्याको कारण विभाज्य कोषमा रु. २०,०००.०० बढी मौज्दात रहेको देखिएकोले वास्तविक मौज्दात देखिने गरी सुत्र प्रणालीमा सुधार गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

३.६ **खाता शुन्य नबनाइएको:** मुल संचितकोषबाट निकासा गरेको रकम मध्ये चालु खर्च खाता, पुँजीगत खर्च खाता र पालिकाले आन्तरिक आम्दानी जम्मा हुने राजश्व खातामा रहेको मौज्दात आर्थिक वर्षको अन्त्यमा पुनः मुल संचित कोषमा जम्मा गरी सो खाताहरु शुन्य बनाउनु पर्नेमा यस पालिकाको निम्नानुसारका खातामा रकम बाँकी देखिएको छ। उक्त रकम गोस्वारा भौचर उठाई फिर्ता खर्च लेखी सुत्र प्रणालीमा खाता शुन्य बनाइए तापनि बैंक बाट मिति २०८२।०४।०५ मा मात्र संचित कोषमा ट्रान्सफर गरेको पाइयो। बैंक अनुसारको हिसाब र सुत्र प्रणाली अनुसारको हिसाब फरक परेको देखिँदा तोकिए अनुसार आर्थिक वर्षको अन्तमा खाता शुन्य बनाई मौज्दात रकम संचित कोषमा ट्रान्सफर गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

क्र.सं.	खाताको विवरण	बैंक अनुसारको मौज्दात	सुत्र प्रणाली अनुसारको मौज्दात
१	चालु खर्च खाता	९६४०१७५.८९	०
२	पुँजीगत खर्च खाता	७०२४५८६.७०	०
३	आन्तरिक राजश्व खाता	७५१३४१.७३	०

४ **बजेट व्यवस्थापन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।०७ मा रु. ७२ करोड ७८ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।०७ मा पारित भएको छ।

यसैगरी पालिकाका प्रमुखले मिति २०८१।०३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

५ कार्यक्रम कार्यान्वयनः

नगरसभाबाट स्वीकृत कार्यक्रम तथा आयोजना नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन गरी लक्ष्य अनुसारको प्रगति हासिल हुनुपर्दछ। यस वर्ष पालिकाको नगरसभाबाट स्वीकृत कार्यक्रमहरुमध्ये लभ्ली हिल पर्यटन प्रबर्द्धन कार्यक्रमको लागि विनियोजित रू. २० लाख र बेनी शान्ति पार्कको लागि विनियोजित रू. २० लाख समेत रु. ४० लाख विनियोजित दुई वटा आयोजना कार्यन्वयन नभई शुन्य प्रगति हासिल भएको पाइयो। बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक र सामाजिक रुपले कार्यान्वयनयोग्य कार्यक्रममा स्रोत विनियोजन गर्नुपर्दछ भने स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरु आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय लाभ साथै गुणस्तर सुनिश्चित हुने गरी तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्ने गरी कार्यान्वयन हुनुपर्दछ।

६ न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी उजुरी ६ वटा रहेकोमा यस वर्ष दर्ता भएको १६ समेत जम्मा २२ विवादमध्ये १९ वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई ३ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

७ बजेट सीमा निर्धारण समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले वैशाख १० गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

८ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ जनाको दरबन्दी रहेकोमा स्थायी कर्मचारी, करार कर्मचारी, कार्यालय सहयोगी र हलुका सवारी चालक समेत ५२ जना कर्मचारी कार्यरत रहेका छन् भने सि.डि.ई, सब ईन्जिनियर, सहायक चौथो तथा कम्प्युटर अपरेटर लगायत ६ वटा पद रिक्त रहेको देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्नसक्ने देखिन्छ। तसर्थ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तथा कार्यबोझको आधारमा जनशक्ति व्यवस्थापन गरी गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

९ कानुन निर्माण तथा कार्यान्वयनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले गत वर्षसम्म ६४ वटा कानुन निर्माण गरेकोमा यस वर्ष तर्जुमा गरेको १२ समेत हाल ११ वटा ऐन, ४ वटा नियमावली, ५३

वटा निर्देशिका/कार्यविधि तथा अन्य ८ वटा गरी जम्मा ७६ कानुन कार्यान्वयनमा रहेका छन्। तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वियन तथा समयानुकूल परिमार्जन समेत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१० सेवाप्रवाहको स्थिति:

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ।

विवरण	जम्मा
घरजग्गा नक्शा पास	१३
जन्म दर्ता	६५०
मृत्यु दर्ता	२४१
विवाह दर्ता	२८९
बसाइँसराई दर्ता आउनेको	४५
बसाइँसराई दर्ता जानेको	६५
सम्बन्ध विच्छेद दर्ता	७१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

११ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास क्षेत्र	४९०९७०००.००	३९०४०६२९.५७	७९.५२
२	सामाजिक विकास क्षेत्र	४२०९८४०००.००	३८८१५९७३५.८८	९२.२
३	पूर्वाधार विकास क्षेत्र	१३४१९००००.००	११५७१२७५७.८५	८६.२३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२८७२६७११.००	२३७५४३१७.००	८२.६९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	१२२६१३५९१.००	८८८५२०८७.३७	७२.४७
कुल जम्मा		७५५६११३०२.००	६५५५१९५२७.६७	८६.७५

पालिकाबाट प्राप्त क्षेत्रगत वार्षिक बजेटको विनियोजन र खर्च सम्बन्धी विवरण अनुसार विनियोजनको तुलनामा पूर्वाधार विकासमा ८६.२३ प्रतिशत खर्च भएको छ भने समाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ९२.२० प्रतिशत खर्च भएको देखिन्छ। चालु तथा प्रशासनिक खर्चमा मितव्ययीता अपनाई आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायत क्षेत्रका कार्यक्रममा जोड दिँदै विनियोजन अनुसार पुँजीगत खर्च गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

१२ त्रैमासिक पुँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष पालिकाको त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
नगरपालिका पुँजीगत	१३६४१९९१३.३०	२११७०६४	१९९८६४५८.००	५१७४९६७७.८०	२९८३१२३३.७०	४२४२०९८५.५०
संघबाट हस्तान्तरित	३३६२०६३७.२०	०.००	६३६८१९.००	८५२८४५६.००	२४४५५३६२.२०	१७०४२०७२.२०
प्रदेशबाट हस्तान्तरित	७१७५०००.००	०.००	०.००	१७९९१२८.५०	५३७५८७१.५०	५३७५८७१.५०
जम्मा खर्च	१७७२१५५५०.४६	२११७०६४.००	२०६२३२७६.९६	६२०७७२६२.३०	९२३९७९४७.२०	६१९५६९२९.२०
खर्च प्रतिशत	१००%	१%	१२.००%	३५%	५२.००%	३५%

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष रु. १७७२१५५५०.४६ पुँजीगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २११७०६४.०० (१.०० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २०६२३२७६.९६ (१२.०० प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ७२०७७२६२.३० (३५.०० प्रतिशत) र चौथो त्रैमासिकमा रु. ९२३९७९४७.२० (५२.0० प्रतिशत) खर्च गरेको देखिएको छ। पालिकाले आषाढ महिनामा मात्र रु. ६१९५६९२९.२० (३५.०० प्रतिशत) खर्च गरेको देखिँदा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन भने तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता समेत नरहेको पाइयो। स्थानीय तहमा प्राथमिकताको आधारमा क्रियाकलाप सञ्चालनमा तथ्याङ्क तथा अभिलेखले महत्वपूर्ण भूमिका खेल्ने हुँदा तथ्याङ्क सङ्कलन र व्यवस्थित रुपमा अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१४ **कर्मचारी काल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरको रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। स्थानीय कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा हालसम्म कुनै पनि कानुनी व्यवस्था लागू नगरेकोमा पालिकाले यस वर्षको बजेटमा कोषको लागि रु. ३५ लाख विनियोजन गरेतापनि कोषमा जम्मा गरेको पाइएन। यस वर्ष कोषबाट कुनै पनि रकम खर्च भएको छैन। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रतिवेदन अनुसार गत आर्थिक वर्षको अन्त्यमा कोषमा रु. ५८०७५.६२ ऋणात्मक मौज्दात रहेकोमा हाल कोषको अवस्था सम्बन्धमा सो प्रणालीमा कुनै पनि विवरण उपलब्ध रहेको नपाइएकोले यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

१५ **सहकारी संस्थाको सञ्चालन र नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन सम्बन्धमा अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्दछ। यस पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिकामा सुरुमा ५५ सहकारी संस्था दर्ता रहेकोमा १२ वटा सहकारी संस्था निष्कृय रहेको र हाल ४३ वटा सहकारी संस्था अस्तित्वमा रहको पाइयो। अस्तित्वमा रहेका ४३ वटा सहकारीमा १४४२१ शेयर सदस्यको कुल शेयर पुँजी रु. ४१८८०२८४८.०० रहेकोमा हालसम्मको बचत

निक्षेप रकम रु. १४०११९७५३४.०० रहेको छ। पालिकामा सञ्चालित सहकारी संस्थाहरुले ४३५६ जना ऋणीलाई रु. १३४०३३४३१९.०० ऋण प्रवाह गरेको पाइयो। कुल ऋण प्रवाहमध्ये १६८३ जना ऋणीलाई प्रवाह भएको ऋण रकम रु. १०११९१०७७४.०० भाखा नाघेको ऋण रहेको देखियो। प्राप्त विवरण अनुसार सञ्चालित सहकारी संस्थामध्ये ३५ वटाले मात्रै नियमित लेखापरीक्षण गरेका छन् भने बाँकी ८ सहकारी संस्थाले नियमित रुपमा लेखापरीक्षण समेत गरेका छैनन्। सहकारी संस्थामा जम्मा भएको बचत निक्षेपको अधिकांश हिस्सा भाका नाघेको ऋणको रुपमा रहेकोले आम बचतकर्ताको निक्षेप रकम जोखिममा परेको पाइयो। पालिकामा रहेको अभिलेख अनुसार गलेश्वर धाम बचत तथा ऋण सहकारी र कस्तुरी बहुउद्देश्यीय सहकारी संस्थाले बचत कर्ताको बचत फिर्ता नगरेको निवेदनमाथि पालिकाले सम्बन्धित सहकारीका प्रतिनिधि र बचतकर्तालाई राखी बचत फिर्ताको पहल गर्दा सम्बन्धित संस्था समस्याग्रस्त घोषित नभए पनि नगद प्रवाहको कमीको कारण तत्काल बचत फिर्ता गर्न नसकेको देखियो। सहकारी संस्थाले भाखा नाघेको ऋणीहरुको नाम नामेसी सार्वजनिक गरी उनीहरुबाट ऋण असुल गरेर तथा अन्य वैकल्पिक व्यवस्था समेत गरी जोखिममा रहेको सर्वसाधारण बचतकर्ताको बचत फिर्ता सुनिश्चित गर्नुपर्दछ। भने पालिकाले सहकारी अनुगमन तथा नियमन प्रभावकारी बनाई सम्बन्धित कर्मचारीको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गर्नेतर्फ गम्भीर भएर लाग्नुपर्दछ।

१६ **बेनी नगरपालिका राजस्व सुधार कार्ययोजनाः**

ह्युमन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर नेपाल प्रा.लि. खुमलटार, ललितपुरलाई रू. ४९७२०० भुक्तानी गरी सो परामर्शदाताबाट स्वीकृत पालिकाको राजस्व सुधार कार्ययोजना ०८१।८२ - ०८३।८४ को परिच्छेद ६ पेज ७६ मा राजस्व शीर्षक नं. १४२१३ (तातोपानी उपयोग सेवा शुल्क) अनुसूची २० मा दिइएको अनुसार (तातोपानी उपयोग सेवा शुल्क) अनुसूची २० अनुसार तातोपानी उपयोग सेवा लिने व्यक्तिको अनुमानित सङ्ख्या र करको दरमा हुने परिवर्तन (१० प्रतिशत) लाई आधार लिई कर आय प्रक्षेपण गरेको प्रतिवेदनमा उल्लेख भएकोमा सोही प्रतिवेदनको अनुसूची २० मा तातोपानी उपयोग सेवा सम्बन्धमा कुनै व्यहोरा उल्लेख छैन भने राजस्व परामर्श समितिको १.१.२४ तातोपानी कुण्ड सेवाशुल्क/जलस्रोत अन्तर्गत राखी आ.व. ०८०।८१ मा १० लाख अनुमान गरेकोमा ०८०।८१ को जेठ मसान्तभित्र रू. ११८३८६५ असुली भएको र ०८१।८२ को लागि रू. २५ लाख आय अनुमान गरेको पाइयो भने आ.व. ०८१।८२ मा जलस्रोत सम्बन्धी अन्य दस्तुर (१४२६३) मा रू. १५७३०४१ खुद आय देखिएको छ। राजस्व सुधार कार्ययोजना ,राजस्व परामर्श समितिको निर्णय र वास्तविक कार्यान्वयन अवस्था बीचमा तालमेल नदेखिँदा राजस्व परामर्श योजनामा भएको खर्चको औचित्य पुष्टि हुने देखिँदैन भने राजस्व परामर्श समिति र सभामा पेश हुने शीर्षकगत राजस्व आयमा समेत तादाम्यता देखिँदैन। परामर्श सेवाबाट भएका काम पालिकाको आवश्यकता सँग मेल खानेग री आन्तरिकीकरण गरेर मात्र भुक्तानी गर्नुपर्दछ भने राजस्व परामर्श समितिबाट हुने शीर्षकगत राजश्वको अनुमान र वार्षिक कार्यक्रमहरुमा समेत तादाम्यता हुनुपर्दछ।

१७ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा तथा पालिकाको आन्तरिक आम्दानीको अवस्था तथा आर्थिक सहायता समब्धमा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। सहायता वितरण कार्य पारदर्शिता र जवाफदेहि बनाउन यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ। पालिकाले आर्थिक सहायता वितरणलाई व्यवस्थित गर्न आर्थिक सहायता वितरण कार्यविधि, २०८२ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। पालिकाले यो वर्ष अन्य सहायता खर्च शिर्षक बाट कुल रु. ११,५१,९०६.०० खर्च गरेको मध्ये बिपन्न तथा आपतकालिन अवस्थामा आर्थिक सहायता बापत नगर प्रमुखको तोक आदेशबाट ६० जना व्यक्तिलाई न्यूनतम रु. ५,०००.०० देखि अधिकतम रु. २५,०००.०० सम्म आर्थिक सहायता वितरण गरी रु. ६,११,५००.०० खर्च गरेको पाइयो। तर पालिकाले आर्थिक सहायता वितरण गरी आफ्नो वेबसाईटमा सार्वजनिक गरेको नदेखिएकोले आगामी दिनमा आर्थिक सहायता वितरण गर्दा अन्य निकायबाट समेत सहायता लिए नलिएको सम्बन्धमा स्पष्ट भई पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी सहायता दिनुपर्दछ।

१८ **मर्मत सम्भार खर्च:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई

सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. १६,९२,५९२ खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पालना हुनुपर्दछ।

१९ **इन्धन खर्च:**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष इन्धन (पदाधिकारी), इन्धन (कार्यलय प्रयोजन) र इन्धन अन्य प्रयोजन शिर्षकमा रू. ३२ लाख विनियोजन गरेकोमा रु. २३ लाख ९८ हजार खर्च गरेको छ। इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२० **विविध खर्चः**

स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष विविध खर्च शिर्षकमा रू. ४७ लाख बजेट विनियोजन गरेकोमा रु. ४६ लाख ५६ हजार ९०० खर्च गरेको छ, जुन पालिकाको आन्तरिक आय रु. ३,९४,६८,०६४.८१ को ११.७९ प्रतिशत हुन जान्छ। विविध खर्च शिर्षकबाट गरिने चालु खर्चमा मितव्ययीता अपनाउनुपर्दछ।

२१ **आयोजनाको प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास उल्लेख गरेको छ। स्थानीय तहले सोही अनुसार प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ३१० आयोजनामा बजेट विनियोजन गरेको छ।

क्र.सं.	आयोजना विवरण	संख्या	रकम रु. (हजारमा)
१	रु. १ लाख भन्दा कमका	४८	२४९५
२	रु. १ लाख देखि ५ लाख सम्मका	२१६	५९०५७
३	रु. ५ लाख देखि १० लाखसम्मका	२२	१५१५०
४	रु. १० लाख ५० लाख सम्मका	१७	३५५००
५	रु. ५०लाख भन्दा माथिका	७	१००९५०
	जम्मा	३१०	२१३१५२

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। स्थानीय स्तरमा समुदायको आवश्यकताको आधारमा साना आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुनुका साथै लागत प्रभावी हुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुने गरी सञ्चालन गर्नुपर्दछ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित आयोजना मध्ये कतिपय आयोजनामा शुन्य प्रगति देखिएको हुँदा वस्तुनिष्ठ तवरले योजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२२ **फोहोरमैला व्यवस्थापनः**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने उल्लेख छ भने १२(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रूपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधीनमा रही फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्यान्डफिल साइट) तोक्न सक्ने उल्लेख छ। यस

नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्नका वातावरणीय मापदण्ड पुरा गरेको स्यानिटरी ल्यान्डफिल साइट नभएको कारण यस नगरपालिका भएर बग्ने कालीगण्डकी नदी किनारलाई अस्थायी ल्यान्डफिल साइटको रूपमा प्रयोग गरेको पाइयो। यसरी नदी किनारलाई फोहोरमैला विसर्जन केन्द्रको रुपमा प्रयोग गर्नु वातावरणीय दृष्टिले उचित देखिँदैन। कालीगण्डकी सामान्य नदी मात्र नभएर एक सभ्यता तथा धार्मिक - सांस्कृतिक आस्थाको केन्द्र समेत रहेको अवस्थामा उक्त स्थानको अस्थायी ल्यान्डफिल साइटलाई कानून बमोजिम नेपाल सरकार सँग समन्वय गरी मापदण्ड बमोजिमको अन्य स्थानमा विसर्जन केन्द्र निर्माण तथा सञ्चालन गर्ने गरी स्थानान्तरण गर्नुपर्ने देखिन्छ।

बेनी नगरपालिकाले अस्थायी ल्याण्डफिल साइटको रुपमा प्रयोग गरेको कालीगण्डकी नदी किनार क्षेत्र।

२३ शिक्षा तर्फः

स्थानीय सरकार सञ्चालन ऐन - २०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। पालिकाको शिक्षा तर्फ मुख्यतया निम्न बेहोरा देखिएका छन्।

क) शिक्षक विद्यार्थी अनुपातः पालिकामा जम्मा ५५ विद्यालय रहेकोमा ती विद्यालयमा रहेका शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम रहेको छ।

विद्यालय संख्या	विद्यार्थी संख्या	प्रति विद्यालय औसत विद्यार्थी	शिक्षक दरबन्दी	शिक्षक पदपूर्ति	शिक्षक विद्यार्थी अनुपात
५५	५८७५	१०६.८२	३६२	३२७	(करिब) १:१८

ख) प्रति विद्यार्थी लागतः पालिकामा रहेका ५५ विद्यालयमा पालिकाले यस वर्ष गरेको निकासाको आधारमा पालिकाको प्रति विद्यार्थी औसत लागत देहाय बमोजिम रहेको छ।

विद्यार्थी संख्या	वार्षिक निकासा रकम रु.					प्रति विद्यार्थी औसत लागत
	शिक्षक/कर्मचारी तलब भत्ता	दिवा खाजा	पाठ्य पुस्तक	अन्य	जम्मा निकासा	
५८७५	२२१२७८३८७	५१६६२३०	३२५४६६८	५९९३८२११	२९२५१३०९६	४९७८९.४६

भौगोलिक विकटता र बढ्दो बाह्य बसाइँसराइको कारण शिक्षक विद्यार्थी अनुपात अत्यन्तै न्यून तर प्रति विद्यार्थी वार्षिक औसत लागत उच्च देखिएको अवस्थामा विकट ग्रामीण क्षेत्रमा बसोबास गर्ने र स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने गरी सामुदायिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने तर्फ पालिका गम्भीर भएर लाग्नुपर्दछ।

२४ विद्यालयको कोष सञ्चालनः

शिक्षा नियमावली - २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेश गरिएको विद्यालयहरुको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका निम्नानुसारका २७ विद्यालयले रु. ३ करोड २५ लाख ७ हजार ८४६ विभिन्न सहकारीमा जम्मा गरेको पाइयो।

क्र.सं.	विद्यालयको नाम	२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार	
		खाता रहेको सहकारी संस्था	जम्मा रकम
१	राष्ट्रिय मा.वि. बेनपा-९	बुद्ध सहकारी	४०००००
		दिदि बहिनी सहकारी	५०००००
		मुक्तिनाथ सहकारी बचत	३३२५
		मुक्तिनाथ सहकारी	१६०००००
		आर्थिक संकलन अभियान कोष	१६४६०१
	जम्मा		२६६७९२६
२	भवानी आ.वि बेनपा-९	जडभरत सहकारी संस्था	१३९६९०
३	प्रकाश मा.वि बेनपा-७	न्यू धवलागिरी बचत	८०००००
		बुद्ध बहुउद्देश्यीय सहकारी	७९७०२
		म्याग्दी बचत	१११९८२
		बेनी बचत	२९७४१२
		न्यू धवलागिरी बचत	८०५८९०
	जम्मा		२०९४९८६
४	थाकनपोखरी आ.वि बेनपा-६	पश्चिम नेपाल सहकारी	९९८०३.७९
५	रामचन्द्र मा.वि बेनपा-१	कुमारी सहकारी	१८८०८९२
६	विद्यामन्दिर आ.वि बेनपा-६	अर्थुङ्गे बहुउद्देश्यीय सहकारी	४५३२००
		अर्थुङ्गे बहुउद्देश्यीय सहकारी	१११५७६
	जम्मा		५६४७७६
७	बालमन्दिर मा.वि बेनपा-८	वैनी वचत तथा ऋण सहकारी	६९९०३
		वैनी वचत तथा ऋण सहकारी	३३३६१
	जम्मा		१०३२६४
८	सरस्वती मा.वि बेनपा-४	तातोपानी सहकारी	१३०१५२
		धौलागिरी सहकारी	४१९३
	जम्मा		१३४३४५
९	बेनी सामुदायिक मा.वि बेनपा-७	बेनी बचत	९४५१
		कस्तुरी सहकारी	६४५७२०
		कस्तुरी सहकारी	५००००
	जम्मा		७०५१७१
१०	जामुनाखर्क मा.वि बेनपा-६	धौलागिरी सहकारी	१७०१
		बेनी बचत	१३६८७
	जम्मा		१५३८८
११	हंशवाहिनी आ.वि बेनपा-२	राधाकृष्ण सहकारी	४४२१३

		बेनी बचत	२५०४
		राधाकृष्ण सहकारी	८००००
	जम्मा		१२६७१७
१२	धवलागिरी मा.वि बेनपा-४	शुभकामना कृषि सहकारी	३००००००
		शुभकामना कृषि सहकारी गौमती	२५०००००
		शुभकामना कृषि सहकारी संस्था	१३३९४७
		लोकदिप सहकारी	७८४८६१
		धौलागिरी बचत	१८३४२९
		मुक्तिनाथ ब. सहकारी	३५०४२०७
		शुभकामना कृषि सहकारी (विशेष)	१७०००००
		लोकदिप सहकारी (विशेष)	२०००००
		बेनी बचत सहकारी	११४७२१८
		शुभकामना कृषि सहकारी	९१४१४०
		शुभकामना सहकारी विकास कोष	४७९५१२
		शुभकामना कृषि विशेष कोष	२३०३९७
	जम्मा		१४७७७७११
१३	श्री जनकल्याण मा.वि. बे.न.पा ५	भुपु शैनिक सहकारी संस्था	५०००००
		कस्तुरी ब.सहकारी संस्था लिमिटेड	६०००००
		जनकल्याण उद्यमसील सहकारी संस्था	१०००००
	जम्मा		१२०००००
१४	अर्जुन मा वि बे.न.पा २	हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.	१०००००
१४	पौल्त्स्य मा.वि. बे.न.पा ५	पौल्त्स्य बचत तथा ऋण सहकारी लि.	२०८०
१६	पद्यबराह आ.वि. बे.न .पा. ९	न्यू धौलागिरी सहकारी लि.	५९०८६
		न्यू धौलागिरी सहकारी मुद्दती	४६५००५
		मुक्तिनाथ सहकारी संस्था लिमिटेड	२३६२१
	जम्मा		५४७७१२
१७	युवावर्ष आ.वि. बे.न.पा १.	मुक्तिनाथ सहकारी संस्था लि.	१०००००
१८	बसन्त आ.वि. बे.न.पा ५	बेनी बचत मु.	४४७०४४
१९	बालमन्दिर आ.वि. बेनपा-४	शुभकामना बचत सहकारी संस्था	१३९८६
		विश्वामित्र सहकारी अक्षयकोष मुद्दती	८२६०००
		विश्वामित्र सहकारी चल्ती खाता	१५६९६
		शुभकामना बचत सहकारी संस्था मुद्दती	१३१०००
	जम्मा		९८६६८२
२०	उपल्लाचौर आ. वि. बे.न.पा.१	रत्न सहकारी संस्था चल्ती	५००००००
		रत्न सहकारी संस्था मुद्दती	३०४०३१

	जम्मा		५३०४०३१
२१	बागेश्वरी आ.वि. बे.न.पा ६	विश्वामित्र सहकारी	१२१३०
२२	स्यालिखेत आ.वि बे.न.पा ९	मुक्तिनाथ सहकारी संस्था लि.	८४६२
२३	शिवालय आ.वि. बे.न.पा ४	शुभकामना शहकारी मुद्दती	८४५१४
		शुभकामना सहकारी चल्ती	४३२४
	जम्मा		८८८३८
२४	गलेश्वर मा.वि. बे.न.पा ९	न्यू धौलागिरी बचत तथा सहकारी लि.	१०००
२५	भानु मा.वि. बे.न.पा १	रत्नेचौर महिला सहकारी संस्था	९५३६
२६	जगन्नाथ आ.वि नयाँगाउ	न्यु धौलागिरी बचत तथा सहकारी संस्था	१००००
		जनकल्याण उपभोक्ता सहकारी संस्था	६०८८०
	जम्मा		७०८८०
२७	जडभरत शालग्राम संस्कृत मा.वि.	गलेश्वर शिवालय सहकारी संस्था	३१५५१५
		धौलागिरी सहकारी संस्था	३२६६
	जम्मा		३१८७८१
	कुल जम्मा		३२५०७८४६

विद्यालयको कोषको रकम नजिकैको बैङ्कमा खाता खोली राख्नुपर्नेमा नियम विपरीत जोखिमयुक्त सहकारीमा समेत जम्मा गरेको देखिएकोले नियमानुसार सबै विद्यालयको कोषको सञ्चालन बैङ्कबाट हुने व्यवस्था मिलाउनुपर्दछ।

२५ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियकलाप सञ्चालनका लागि आधारभूत तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १० हजार र माध्यमिक तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १५ हजार एकमुष्ट अनुदान वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यको लागि आधारभूत तह सञ्चालित ३९ वट विद्यालयहरुलाई प्रति विद्यालय रु. १० हजारका दरले रु. ३९००००.०० र माध्यमिक तह सञ्चालित १६ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु. १५ हजारका दरले रु. २४००००.०० समेत जम्मा रु. ६३००००.०० निकासा दिएकोमा हालसम्म पनि विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको पाइएन। तसर्थ सम्बन्धित विद्यालयहरुबाट समाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	६,३०,०००

२६ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउनु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई संघीय सशर्त अनुदान प्राप्त रु. १३ लाख बजेट विनियोजन भएकोमा पालिकाले तपशिल बमोजिम रु. ११ लाख ६४ हजार ७५१ खर्च गरेको छ।

क्र.सं.	कार्यक्रम /प्यकेजको नाम	विस्तृत विवरण	खर्च रु.	कैफियत
१.	उद्यम विकास सहजकर्ताको तलब, चाडपर्व खर्च र पोषाक भत्ता	१ जनालाई	४३७७२६	(सहायक चौथो तह सरह)
२.	नयाँ उद्यमी सिर्जना तर्फ (व्यवसाय सचेतना तालिम)	(३० जनालाई ५ दिन)	५९४००	वडा नं. २ जमरुकोट
	नयाँ उद्यमी सिर्जना तर्फ (केराको थम्बाबाट धागो बनाउने तालिम)	(३० जनालाई ७ दिन)	१८१७५०	वडा नं.- २, खवरा
	नयाँ उद्यमी सिर्जना तर्फ (उद्यमीहरुको बजारीकरण कार्यक्रम खर्च)	(१० दिन)	१९०००	बेनी नगरपालिका खुला मञ्च
	नयाँ उद्यमी सिर्जना तर्फ (बजारीकरण र लघु वित्तमा पहुँच कार्यक्रम खर्च	(४५ जनालाई १ दिन)	६९७५०	
३.	एडभान्स सिप विकास तालिम	(२० जनालाई १६ दिन)	२४००००	बे.न.पा-.८ वडा कार्यालय
५.	प्रविधि हस्तान्तरण	(२ वटा लघु उद्यमी समूह)	१३६६२५	कोटेशनबाट खरिद
६.	अभिमूखीकरण र सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम खर्च		१३५००	वार्षिक खर्च
७.	अन्य खर्च	भ्रमण खर्च	७०००	
	जम्मा खर्च रु.		११६४७५१	

कार्यक्रम सम्बन्धमा देखिएका मुख्य बेहोरा निम्न अनुसार छन्।

तालिमबाट उत्पादित सामग्रीको बिक्री वा जिन्सी दाखिलाः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरि प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि बिक्री नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. ०८१।८२ मा केराको थम्बाबाट धागो बनाउने तालिम र एडभान्स सिप विकास तालिम अन्तर्गत सिलाई कटाई सिप तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला सम्बन्धमा कुनै पनि अभिलेख राखेको छैन। यसबाट एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ।

२७ **बढी पेस्की भुक्तानीः**

ठेक्का संझौताको शर्त र प्रचलित कानूनबमोजिम निर्माण व्यवसायीलाई ठेक रकमका आधारमा मोबिलाइजेशनका लागि पेस्की दिनुपर्दछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ बमोजिम वस्तु वा सेवाको आपूर्ति हुँदाका बखत सोको मूल्यमा १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था रहेको छ। ठेक्कामा मूल्य अभिवृद्धि कर रकम समावेश हुने भए तापनि ठेक्का कार्यको मोबिलाइजेशनका लागि दिइने पेस्की रकम भुक्तानीका बखत वस्तु वा सेवाको आपूर्ति नगरिने र सो पेस्की रकम प्राप्त गर्न निर्माण व्यवसायीले कर बीजक जारी नगर्ने हुँदा मोबिलाईजेशन पेस्कीको रकम निकासा दिँदा मूल्य अभिवृद्धि कर रकम समावेश नगरी निर्माण व्यवसायीले कबोल गरेको रकममा तोकिएको दरले मोबिलाइजेसन पेस्की निकासा गर्नुपर्दछ। पालिकाले देहायका आयोजनामा मूल्य अभिवृद्धि कर रकम समेतको कुल रकममा २० प्रतिशतले हुने रकम पेस्की स्वरुप भुक्तानी गरेको र यस आर्थिक वर्षको अन्त सम्ममा सम्पूर्ण पेस्की रकम फस्र्यौट गरेको देखिँदा बढी पेश्की रकम भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता रकम	पेस्की हुनुपर्ने (२० %)	भुक्तानी	बढी भुक्तानी
१	माहारानी थान छापा डाडाखेत सडक स्तरोन्नति	सक्षम ब्रदर्स	६६४३७६३.६	१३२९०००	१५०००००	१७१०००
२	बेनी अर्थुङ्गे पुलाचौर सडक	सक्षम ब्रदर्स	५४९८०८७.५	११०००००	१२४२०००	१४२०००
जम्मा (पेस्की फस्र्यौट गरी सकेकोले लगती कायम नगरिएको)						३१३०००

२८ **पेस्कीमा व्याजः**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१४,३३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

२९ **पेस्की बाँकीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेस्की दिन सक्ने व्यवस्था छ। कार्यालयले देहायका निर्माण व्यवसायी, उपभोक्ता समिति तथा व्यक्तिलाई उपलब्ध गराएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म निम्नानुसार फस्र्यौट हुन बाँकी देखिएको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार पेस्की फस्र्यौट हुनुपर्ने रु.

पेश्कीको विवरण	पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम	म्याद नाघेको पेश्की	म्याद ननाघेको पेश्की
१) निर्माण व्यवसायीको पेश्की			
समपुरक बाट निर्माण कार्य गर्न	धर्म एस. कश्यप जे.भी.	०	३५३५०००
जम्मा		**०**	**३५३५०००**
२) व्यक्तिगत पेश्की			
पदाधिकारी बैठक भत्ता	लक्ष्मण पौडेल	११००००	०
अन्य सहायता	प्रकाश आचार्य	१०००००	
अध्ययन अवलोकन भ्रमण	युवराज थापा	२५००००	
सार्वजनिक सुनुवाई तथा वार्षिक समिक्षा	लक्ष्मण पौडेल	४२०००	
जम्मा		**५०२०००**	**०**
जम्मा पेश्की बाँकी रु.		**५०२०००**	**३५३५०००**

पेश्की	५,०२,०००

३० **धरौटी फिर्ताः**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१,८०६,५११.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३१ **तातोपानी कुण्ड व्यवस्थापनः**

बेनी नगरपालिकाको वडा नं. ४ मा रहेको तातोपानी कुण्डमा वर्षेनी हजारौं आन्तरिक तथा वाह्य पर्यटकहरूबाट भ्रमण गर्ने गरेको तर त्यसको यथार्थ तथ्याङ्क आधार नगरपालिका तथा कुण्ड व्यवस्थापन समितिसँग रहेको पाइएन। नगरकार्यपालिकाको २०७८।६।२२ को निर्णयअनुसार कुण्डमा आउने लाभग्राहीहरूलाई प्रवेश शुल्क बापत लिइने रकमको २५ प्रतिशत रकम मिति २०७८।४।१ देखि नगरपालिकालाई बुझाउने र नगदी रसिद नगरपालिकाबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नका लागि पत्राचार गर्ने निर्णय गरेको पाइयो भने आ.व. ०८१।८२ वाट नगरसभाबाट स्वीकृत पालिकाको आर्थिक ऐन, २०८१ को १२ अनुसार प्रवेश शुल्कको २५ प्रतिशत पालिकालाई बुझाउनुपर्ने उल्लेख छ। नगर कार्यपालिका तथा नगरसभाले उठेको शुल्कको २५ प्रतिशत नगरपालिकाले प्राप्त गर्ने उल्लेख गरे तापनि प्रवेश शुल्कको दरको सम्बन्धमा केही उल्लेख गरेको छैन। स्थलगत अवलोकनको क्रममा कुण्ड व्यवस्थापन समितिले मू.अ.कर बिजक जारी गरी सेवा प्रदान गर्ने तर्फको कुण्डको प्रवेश शुल्क रु. १५ तोकेको पाइयो भने मु.अ.कर बीजक जारी नगरी सेवा प्रदान गर्ने कुण्ड तर्फ प्रवेश शुल्क रू. २०० तोकेको पाइयो।यस सम्बन्धमा देखिएका अन्य बेहोराहरू निम्नानुसार छन्।

३१.१ **तिर्थालु/पर्यटकको तथ्याङ्कीय आधारः** कुण्डमा आउने तिर्थयात्री एवम् पर्यटकहरूको वास्तविक सङ्ख्या यकिन हुने गरी प्रविधि नियन्त्रित प्रवेश प्रणालीको विकास गरी आय व्यवस्थापन हुनुपर्नेमा यो वर्ष कुण्ड व्यवस्थापन समितिले दाखिला गरेको आय रकम गणना

गर्दा आ.व. ०८१।८२ मा जम्मा २० हजार जनाले कुण्ड प्रवेश गरेको देखिन्छ। तातोपानी कुण्डको भ्रमण गर्ने तिर्थालुको वास्तविक संख्या भन्दा प्रतिवेदन भएको सङ्ख्या अत्यन्त न्यून रहेको देखिन्छ। तसर्थ पर्यटक भ्रमणको तथ्याङ्क आधार बनाई सोही बमोजिम आय व्यवस्थापन हुनुपर्दछ।

३१.२ **प्रवेश शुल्क दर र असुलीः** कानुन बमोजिम बाहेक कर तथा शुल्क उठाउन नपाईने र कुण्ड प्रवेश शुल्कको दर कानुनबमोजिम निर्वाचित जनप्रतिनिधिहरूको सभाबाट तोकिए बमोजिम हुनुपर्नेमा सो भएको नदेखिएकोले प्रवेश शुल्क राजस्व परामर्श समितिको सिफारिसमा नगरसभाबाट अनुमोदित भए अनुसार हुनुपर्ने देखिन्छ। नगरपालिकाले नगरसभाबाट प्रवेश दर तोकी उक्त दर भन्दा फरक नहुने गरी असुल हुने गरी न्युनतम वार्षिक असुली रकम गणना गरी प्रतिस्पर्धात्मक रूपमा पालिकाबाटै ठेक्का व्यवस्थापन गरी आय असुल गरी पालिकाको संचित कोष दाखिला गर्ने र कुण्ड व्यवस्थापन तथा पूर्वाधार निर्माण एवं मर्मत सम्भारका कार्यहरू नगरपालिकाबाट कार्यक्रम बजेट विनियोजन गरी खर्च व्यवस्थापन हुने गरी कुण्ड व्यवस्थापनका कार्य गर्न आवश्यक व्यवस्था हुनुपर्दछ।

३१.३ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१,४३९,५१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२ **मू.अ.कर दाखिलाः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५४०,४९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३३ **घर बहाल करः**

बेनी नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची अनुसार संघ, सस्था कार्यालय, बैङ्क तथा वित्तीय सस्था, निजी विद्यालय, प्रा.लि. हरुले घर बहाल कर बापत दश प्रतिशतका दरले भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण, अभिलेख तथा विद्यालयको आ.व. २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार आ.व. ०८०।८१ मा निम्नानुसार भाडा बापत आम्दानी गरेको तर नगरपालिकामा घरबहाल कर दाखिला गरेको पाइएन भने आ.व. ०८१।८२ को लेखापरीक्षण बाकी रहेकाले र सम्बन्धित विद्यालयले भाडा आय विवरण नगरपालिकामा पेस नगरेको कारण ०८०।८१ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित भाडा आयलाई आ.व. ०८१।८२ को भाडा आय मानी गणना गर्दा बालमन्दिर मा.वि.बाट निम्नानुसार रू. ५७६६४०.०० बहाल कर असुल हुनुपर्नेमा भएको नदेखिएकोले विद्यालयले आय विवरण पेश गरेकोमा सोही बमोजिम समायोजना हुने गरी ०८०।८१ को आयलाई आधार मान्दा ०८०।८१ र ०८१।८२ को घर बहाल कर असुल हुनुपर्ने रू.

विद्यालयको ले.प. प्रतिवेदनको आधारमा ०८०।८१ को आय	आय विवरण पेश नगरेको र ले.प. बाँकी रहेकाले गत विगतको आधारमा ०८१।८२ को भाडा आय	२ वर्षको जम्मा	१० %ले हुने रू .
२८८३२००	२८८३२००	५७६६४००	५७६६४०

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१०७,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **४२५,४८२.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,७६,६४०

३४ सामाजिक सुरक्षा तर्फः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा पालिका भित्रका २५९५ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बापत रु. १५ करोड ४९ लाख ४० हजार हजार खर्च भएको छ।

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएको अन्य बेहोरा निम्न छन्।

३४.१ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ।

३४.२ **समीक्षा तथा सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी स्थानीय तहको कार्यालय र सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन। समाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा कार्यविधिको व्यवस्था पालना पालना गरी नियमित समीक्षा तथा सूचना प्रवाह हुनुपर्दछ।

३५ बेनी अर्थुङ्गे तोरिपानी पाखापानी सडक (संघीय समपुरक):

पालिकाको बेनी अर्थुङ्गे तोरिपानी पाखापानी सडक निर्माणको लागि रु. १,९४,६०,२८१.९७ को लागत अनुमान बनाई बोलपत्र आह्वान गरेकोमा सो कार्यको लागि पेस भएका बोलपत्र मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा निर्माण व्यवसायी श्री श्रमजिवी निर्माण सेवासँग ६ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८०/०८/२५ मा सम्झौता गरेको छ। समयमा निर्माण कार्य सम्पन्न हुन नसक्दा दोस्रो पटक मिति २०८१ मंसिर मसान्त सम्म म्याद थप भएकोमा यस आर्थिक वर्षमा भुक्तानी भएको रु. ५०,६५,६०९.९६ समेत कुल रु. १,३०,७६,२९२.७६ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नानुसार छन्।

३५.१ **फरक स्थानमा ग्याबियन वाल निर्माण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२५९,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

३५.२ **कालोपत्रे गरेको स्थानमा ढलान गरेकोः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२६७,९३५.५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३५.३ **कम गुणस्तरको कालोपत्रेको भुक्तानीः** सडक निर्माण गर्दा सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्पेसिफिकेसन, २०७५(संसोधित - २०७८) मा तोकिएको गुणस्तर अनुसारको कामको मात्र भुक्तानी गर्नुपर्दछ। पालिकाले बेनी अर्थुङ्गे तोरिपानी पाखापानी सडक (संघीय समपुरक) निर्माण कार्यको चे.नं. ४+७७५-४+८८२ (घनश्यामको बारी देखि पुरानो ढलान सम्म) मा १२० मिटर लम्बाई, चे.नं. ४+६१५ - ४+६९५ (काफल बोटको कल्भर्ट देखि) खण्डको २० मिटर लम्बाई, र घनश्यामको घर माथि (चे.नं. ४+८०२- ४+८८९) ४७.३० मिटर लम्बाईमा गुणस्तरिय कालोपत्रे नभएको भनी प्रिमिक्स कार्पेटको भुक्तानी घटाएर भुक्तानी गरेको देखियो। सडक निर्माण कार्यमा कालोपत्रेको माथिल्लो लेयर ०.०२ मिटर प्रिमिक्स कार्पेटको मात्र गुणस्तर नपुगेको भनी सोको मात्र करम कट्टि गरेको र सो भन्दा मुनीको लेयरको गुणस्तर तोकिएको भनी भुक्तानी गर्नु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन। सडकको गुणस्तर सोको तल्लो लेयरबाट भएको काममा भर पर्ने हुदा माथिल्लो लेयरको मात्र गुणस्तर नपुगेको भनी सो भागको मात्र भुक्तानी कट्टि गरी सोही चेनेजमा अन्य लेयरको कामको भुक्तानी गर्नु कानुन सम्मत समेत नदेखिँदा प्रिमिक्स कार्पेटको भुक्तानी कट्टि गरिएको स्थानमा भुक्तानी भएको सववेस, बेस, प्राईमकोट तथा ट्याककोटको समेत भुक्तानी दिन मिल्ने आधार नदेखिएको अवस्थामा कार्य स्वीकार गरी भएको भुक्तानी असुल हुनुपर्ने रु.

क्र.सं.	कामको विवरण	चेनेज		दर	रकम
१	सव वेस	चे.नं. ४+७७५-४+८८२, ने.नं. ४+६१५- ४+६९५, घनश्यामको घर माथी (४+८०२- ४+८८९)	९६.१९	१०००	९६१९०
२	वेस कोर्ष कार्य		१४४.२८	२५००	३६०७००
३	प्राईमकोट		९६१	१८०	१७२९८०
४	ट्याक कोट		५७७	१८०	१०३८६०
जम्मा					७३३७३०
मूल्य अभिबृद्धि कर					९५३८५
कुल जम्मा					८२९११५

असुल गर्नुपर्ने	८,२९,११५

३५.४ **रीत पूर्वकको कर विजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म सँग तोकिएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर यस कार्यालयले ऐनले तोके अनुसारको रित पुर्वकको कर बिजक नलिई बिजक नम्बर हातले लेखि पेश गरेको आधारमा भुक्तानी दिएको पाइयो। कार्यालयले ऐनले तोकेको ढाँचाको कर बिजक बेगर दुई बिजक नम्बर भएको बिजकमा एउटा नम्बर केरमेट गरी पेश गरेको आधारमा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको देखिँदा देहाय बमोजिमको भुक्तानीको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

क्र.सं.	भुक्तानी पाउने	भौ.नं. र मिति	मू.अ.कर रकम	७०% रकम	कैफियत
१	श्रमजिवी निर्माण सेवा	१५ - ०८१। ०८।०४	५७९८९३.२	४०५९२५	बीजकमा दुई वटा नम्बर रहेको र एउटा नम्बर केरमेट गरेको।
जम्मा				४०५९२५	

प्रमाण पेश नगरेको	४,०५,९२५

३६ **भेरिएसन स्वीकृति बेगर भुक्तानीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको अवस्था सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ठ कारण खुलाई भेरिएसन आदेश स्वीकृत गरेर कार्य अगाडि बढाउनु पर्ने व्यवस्था छ। निर्माण व्यवसायी एस.एस. बिल्डर्स ले निर्माण कार्य गरेको श्री जामुना खर्क मा.वि.को नमुना विद्यालयको भौतिक संरचना निर्माण कार्यमा सम्झौताको BOQ मा भएको परमाण भन्दा बढी हुने गरी भुक्तानी गरेको पाइयो। भेरिएसन आदेश बेगर सुरु सम्झौता परिमाण भन्दा बढी भुक्तानी नियम सम्मत नदेखिएको रु.

आईटम नं.	कामको विवरण	BOQ परिमाण	भुक्तानी भएको परिमाण	बढी परिमाण	दर	रकम
९	Brick work	४७.८	५६.१९	८.४	१३०००	१०९४६०
१२	12.5mm cement plaster	४८१.८	५२८.७६	४७	३५०	१६४३६
१८	Tile work	३८.७	४८.७९	१०.१	३५००	३५१७५
२१	washable distemper paint	२६०.८	३१५.४२	५४.६	१५०	८१९६
२२	Exterior weather coat paint	१२६.१६	२१५.३	८९.१	३००	२६७४२
२३	CGI Sheet	२४	२८.५८	४.६	१५००	६८७०
४८	Stone Soling	२२.८६	३४.३	११.४	३०००	३४२००
४९	PCC M10	११.५४	१७.२३	५.७	८०००	४५५२०
जम्मा						२८२५९९
मूल्य अभिवृद्धि कर						३६७३७.९
कुल जम्मा						३१९३३६.९

अनियमित भएको	३,१९,३३७

३७ **चेनेजको लम्बाई भन्दा बढी लम्बाईको कार्यको भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) अनुसार निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक भएको कामको नाप जाँच गरी नापी भएको कामको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ। कार्यालयले डोले स्वर्गाश्रम बेलढुंगा कोठेखोला सडक निर्माण कार्यको नापी किताबमा काम गरेको चेनेजको कुल लम्बाई भन्दा बढी लम्बाईमा कार्य गरेको तथा सुरुको चेनेज ०+०००-०+००० मा समेत लम्बाईको परिमाण राखी सोको आधारमा परिमाण गणना गरी भुक्तानी गरेको पाइयो। निर्माण कार्यको लम्बाई बढीमा सो चेनेजको कुल लम्बाई बराबर नै हुने भएको हुँदा एक चेनेज देखि अर्को चेनेज सम्मको लम्बाई भन्दा पनि बढी हुने गरी तथा चेनेजको सुरु बिन्दुमा समेत कामको परिमाण नापी गरी बढी भुक्तानी गरेको देहाय अनुसारको रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

चेनेज नं.	लम्बाई		बढी लम्बाई	बढी परिमाण	दर	रकम
	हुनु पर्ने	भएको				
भकभके देखि बराहताल सम्म खन्ने कार्य						
०+००० - ०+०१८	१८	२०	२	२*३.५*०.१५*०.५=०.५२५	६९.०१	३६.२३
०+४७८ - ०+४९८	२०	२२	२	२*४*०.१५=१.२०	६९.०१	८२.८१
Medium Rock By Machanical method						
०+००० - ०+०००	०	१८	१८	१८*३.५*२.५*०.५=७८.७५	६२१.५	४८९४३.१
बागखोर देखि भुसुगं सम्मको बाटो						
०+००० - ०+०००	०	४	४	४*४*१.५=२४	६९.०१	१६५६.२४
०+०५२ - ०+०७२	२०	२३	३	३*४*३.५*०.५=२१	६९.०१	१४४९.२१
०+३२३ - ०+३३४	११	२०	९	९*४*१.५*०.५=२७	६९.०१	१८६३.२७
१+१५४ - १+१७४	२०	२७	७	७*४*३*०.५=४२	६९.०१	२८९८.४२
मध्यम खालको ढुंगा काट्ने काम						
०+००० - ०+००४	४	८	४	४*४*३.३=५२.८	६२१.५	३२८१५.२
०+००४ - ०+०१२	८	२०	१२	१२*४*२.५*०.५=६०	६२१.५	३७२९०
नरम ढुंगा						
०+००० - ०+०००	०	२०	२०	२०*२*१.५*०.७=४२	२०७.०४	८६९५.६८
चोर बस्ने दुला						
०+००० - ०+२००	२००	२५३	५३	५३*४*.२=४२.४	६९.०१	२९२६.०२
सोलिङ्ग गर्ने कार्य						
०+००० - ०+०६०	६०	६९	९	९*३.५*०.१५=४.७२५	२९७५	१४०५६.९
रत्न जि.सि. को घर अगाडी						
०+००० - ०+०४०	४०	४७	७	७*४*०.१५=४.२०	२९७५	१२४९५
स्वर्गाश्रम मुनी						
०+००० - ०+१६०	१६०	१८०	२०	२०*४.५*०.१५=१३.५	२९७५	४०१६२.५
बेलढुंगा जाने बाटो						
०+००० - ०+०४०	४०	५०	१०	१०*४*०.१५=६	२९७५	१७८५०
जम्मा						२२३२२१

असुल गर्नुपर्ने	२,२३,२२१

३८ **बढी भुक्तानीः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **९७,९१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **लागत अनुमान :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा कुनै पनि खरिदको लागि तोकिएबमोजिमको लागत अनुमान तयार गर्नुपर्ने र दफा ५(क) मा लागत अनुमान तोकिएबमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले यस आ.व. विभिन्न आपुर्तकबाट सामाग्री तथा औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन बमोजिम लागत अनुमान तयार र स्वीकृत नगरी कोटेशनबाट सिधै खरिद गरी खर्च गरेको छ। पालिकाले खरिद प्रकियामा खर्चलाई नियन्त्रण गर्न, सामाग्रीको उचित मूल्य निर्धारण गर्न र जोखिमलाई न्यूनीकरण गर्न ऐन बमोजिम सामाग्रीको खरिद पूर्व लागत अनुमान बनाई तोकिए बमोजिम स्वीकृत गर्नुपर्छ। यसका केही उदाहरणहरु निम्न छन्।

गो.भौ.नं.	खरिदको विवरण	आपूर्तक	रकम
२ - ०८१।०७।०६	विपद व्यवस्थापन सम्बन्धी सामाग्री	नेपाल कमर्सियल	४८६९१७
१३८ - ०८१।०८।१८	औषधि खरिद	सापकोटा भेटनरी मेडिसिन सप्लायर्स	३५०६७७
२७५- ०८१।१०।२३	ल्यापटप खरिद	कस्मिक कम्प्युटिङ सोलुसन	१३५०००
३९८ - ०८१।१२।१७	स्टेशनरी तथा मसलन्द	प्रकृति सर्जिकल हाउस	२०३०२७

४० **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो। पालिकाले आ.व. २०८१।८२ मा मसलन्द तथा कार्यालय सामग्री शिर्षकमा रु. ४० लाख बजेट विनियोजन गरेकोमा पटक पटक सोझै खरिद गरी रु. ३९ लाख ९८ हजार ७७० खर्च गरेको पाइयो। सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ।

४१ **बेनी अर्थुङ्गे पुलाचौर सडक निर्माणः**

पालिकाको बेनी अर्थुङ्गे पुलाचौर सडक निर्माणको लागि रु. ८०,७९,५२१.२९ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा सो कार्यको लागि पेस भएका बोलपत्र मध्ये न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री सक्षम ब्रदर्ससँग ५ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८०/०८/१३ मा सम्झौता गरेको छ। समयमा निर्माण कार्य सम्पन्न हुन नसक्दा मिति २०८१ असार १५ सम्म म्याद थप भएकोमा सो समयमा समेत निर्माण कार्य सम्पन्न हुन सकेको पाइएन। निर्माण कार्य बापत दुई वटा रनिङ्ग बिलबाट रु. ५७,२२,२४८.७४ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नानुसार छन्।

४१.१ **पूर्वनिर्धारित क्षतिपूर्तिः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **४१,२३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१.२ **तोकिएको भन्दा बढी मोटाईमा सबबेस राखी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **४१,९३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१.३ **बेस र प्राईमकोट राखी छाडेकोः** विभागद्वारा जारी Standard Specificatiion for Road and Bridge Works, 207५ अनुसार गुणस्तरीय तथा दिगो सडक निर्माण हुनुपर्दछ। यस बेनी अर्थुङ्गे पुलाचौर सडकमा भएको कामको मिति २०८२।०३।२५ मा दोस्रो रनिङ्ग बिलको नापी गर्दा चेनेज नं. ४+४५० मा ६८.३ मिटर लम्बाई र ५.२५ मिटर चौडाईमा बेस कोर्ष मात्र गरेको तर सो पश्चातका कालोपत्रे गर्ने कार्य नगरेको साथै चेनेज नं. ४+५९६ मा १२३.५ मिटर लम्बाई र ४.७७ मिटर चौडाईमा बेस कोर्ष तथा प्राइमकोट सम्मको कार्य गरी रु. ४,८०,७९०.७७ भुक्तानी गरेको देखियो। बेस कोर्स र प्राईमकोट गरी लामो समय त्यत्तिकै छोड्दा गुणस्तरमा ह्रास आउने देखिएकोले उक्त कार्यको यथाशीघ्र प्राविधिक अनुगमन गरी निर्धारित मापदण्ड अनुरुप भए, नभएको यकिन गरी नभएको देखिएमा त्रुटि सच्याउन लगाउनु पर्दछ।

क्र.सं.	कामको विवरण	लम्बाई	चौडाई	उचाई/स्प्रे दर	परिमाण	दर	रकम
१	बेस कोर्ष	६८.३	५.२५	०.१५	५३.८	२५००	१३४४६६
		१२३.५	४.७७	०.१५	८८.४	२५००	२२०९११
२	प्राईमकोट	१२३.५	४.७७	०.८५	५००.७	१४०	७०१०२.३
जम्मा							४२५४७९
मू. अ . कर							५५३१२.२
कुल जम्मा							४८०७९१

४१.४ **बेस गरेको भन्दा बढी चौडाईमा कालोपत्रेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) अनुसार निर्माण कार्यको भुक्तानी गर्दा बास्तविक भएको कामको नाप जाँच गरी नापी भएको कामको आधारमा मात्र भुक्तानी गर्नु पर्दछ। यस बेनी अर्थुङ्गे पुलाचौर सडकमा भएको कामको मिति २०८२।०३।२५ मा दोस्रो रनिङ्ग बिलको नापी गर्दा चेनेज नं. ४+५९६ मा १२३.५ मिटर लम्बाईमा ४.७७ मिटर चौडाईमा बेस कोर्ष गरेकोमा ४.८७ मिटर चौडाईमा प्राईमकोट गरेको साथै चेनेज नं. ५+२६० मा २३४.५० मिटर लम्बाईमा ४.८९ मिटर चौडाईमा बेसकोर्ष राखेकोमा ४.९९ मिटर चौडाईमा प्राईमकोट तथा कालोपत्रे कार्य गरेको पाईयो। बेस कोर्ष गरेको भन्दा ०.१० मिटर बढी चौडाई प्राईमकोट तथा कालोपत्रे गर्ने कार्य प्राविधिक रुपमा समेत उपयुक्त देखिएन। बेस भन्दा बढी हुने गरी प्राईमकोट तथा कालोपत्रे गर्ने कार्य नियम सम्मत नदेखिएकोले देहाय अनुसार बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवासयीबाट असुल हुनुपर्ने रु.

चेनेज नं.	लम्बाई	कामको विवरण	बढी भएको चौडाई	उचाई/स्रे दर	परिमाण	दर	रकम
४+५९६ मा	१२३.५	प्राईम कोट	०.१	०.८५	१०.५	१४०	१४६९.७
५+२६० मा	२३४.५	प्राईम कोट	०.१	०.८५	१९.९	१४०	२७९०.६
		ट्याक कोट	०.१	०.६	१४.१	१४०	१९६९.८
		प्रिमिक्स	०.१	०.०२	०.५	१६०००	७५०४
		सिलकोट	०.१	१	२३.५	५०	११७२.५
जम्मा							१४९०६.५
मूल्य अभिवृद्धि कर							१९३७.९
कुल जम्मा							१६८४४.४

असुल गर्नुपर्ने	१६,८४४

४२ **नगरपालिका तर्फ बढी व्ययभारः**

कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा बजेटको सुनिश्चित्ता गरिएको श्रोतबाट मात्र भुक्तानी गर्नु पर्दछ। यस पालिकाले संघीय तथा गण्डकी प्रदेश सरकारबाट समपुरक तर्फको अनुदानबाट खर्च व्यहोर्ने गरी खरिद सम्झौता गरेकोमा सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दा संघीय सरकार र प्रदेश सरकाले प्रतिवद्धता गरेको रकम खर्च नभई सम्बन्धित कोषमै फिर्ता भएको र सम्झौता गरिएका आयोजनाको भुक्तानी गर्न बाँकी रहेको रकम पालिकालाई थप व्ययभार परेको छ। पालिकाले निर्माण

कार्यको म्याद थप गर्दा सो म्याद थपबाट पालिकालाई पर्ने आर्थिक दायित्व एकिन गरि विषेश परिस्थितिमा मात्र म्याद थप गर्नुपर्नेमा सो गरेको देखिएन। यसका साथै पालिकाले तोकिएको समयमै अनुदान उपयोग गर्न सक्ने गरी खर्च प्रणालीमा सुधार गरी खर्च व्यवस्थापनमा सुधार गर्नु पर्ने देखिन्छ। पालिकाले देहाय अनुसारका निर्माण कार्यको खरिद सम्झौतामा गण्डकी प्रदेश सरकारको समपुरक तथा विषेश अनुदान तर्फको बजेट आर्थिक वर्षको अन्तमा फ्रिज भई फिर्ता भए पश्चात पालिकाकै आन्तरिक स्रोतबाट सम्पुर्ण रकम भुक्तानी गर्नु पर्ने अवस्था देखियो। कार्यालयले थप व्ययभार पार्ने कार्यमा नियन्त्रण गर्नुका साथै संघीय सरकार तथा गण्डकी प्रदेश सरकारले भुक्तानी गर्ने भनिएको योजनामा समेत निर्माण व्यवसायीले समयमा कार्य गर्न नसकेको कारण म्याद थप गरी देहाय अनुसारको रकम बराबर यस पालिकालाई थप व्ययभार पारेको देखिँदा यस्ता कार्यमा नियन्त्रण गरी तोकिएको समयमै निर्माण सम्पन्न गरी शसर्त तथा समपुरक अनुदानको पूर्ण सदुपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सि.नं.	आयोजनाको नाम	प्रतिवद्धता दिने सरकार	प्रतिवद्धता रकम	प्रतिवद्धता मध्ये भुक्तानी	प्रतिवद्धता मध्ये न.पा. ले व्यहोरेको/व्यहोर्ने	कैफियत
१	बेनी अर्थुङ्गे तोरीपानी पाखापानी सडक	संघीय समपुरक	१३०७६२९२.७६ को ५० प्रतिशत।	४१७८९९८.३८	२५३२८०४.५०	न.पा. : गो.भौ. १६ – ०८१।०८।०४ बाट भुक्तानी।
समयमै सम्पन्न नभै म्याद थप गर्दा पालिकालाई थप व्ययभार परेको रकम					२५३२८०४.५०	

४३ बेस गरेको भन्दा बढीमा कालोपत्रे गरेकोः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) अनुसार निर्माण कार्यको भुक्तानी गर्दा बास्तविक भएको कामको नाप जाँच गरी नापी भएको कामको आधारमा मात्र भुक्तानी गर्नु पर्दछ। कार्यालयले माहारानी थान छापा डाँडाखेत सडक स्तरोन्नती कार्यको निर्माण व्यवसायी श्री सक्षम ब्रदर्सले सबबेस १६५२.६० वर्गमिटरमा गरिएकोमा सो भन्दा बढी क्षेत्रफलमा कालोपत्रे गरेको पाइयो। सब बेस र बेस गरेको क्षेत्रफल भन्दा बढी हुने गरी १७३५.०९ वर्गमिटरमा कालोपत्रे गरेको देखिएकोले बेस राखेको भन्दा बढी क्षेत्रफलमा प्राईमकोट, ट्याककोट तथा प्रमिक्सको क्षेत्रफल हुन सक्ने अवस्था प्राविधिक रुपमा नदेखिएकोले सो भन्दा बढी हुने गरी भुक्तानी भएको देहाय अनुसारको काम बापतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

क.सं.	बेस गरेको क्षेत्रफल	कालोपत्रे गरेको क्षेत्रफल	बढी परिमाण	दर	रकम	कैफियत
१	१६५२.६	प्राईम कोट १७३५.०९	१४६.६२	१४०	२०५२६.८	बेस गरेको भन्दा १७२.४९ व.मि. क्षेत्रफलमा स्रे दर र मोटाईले गुणन गरी बढी परिमाण निकालिएको।
		ट्याक कोट १७३५.०९	१०३.४९	१४०	१४४८८.६	
		प्रिमिक्स १७३५.०९	३.४५	१६०००	५५२००	
		सिल कोट १७३५.०९	१७२.४९	५०	८६२४.५	
जम्मा					९८८३९.९	
मूल्य अभिवृद्धि कर					१२८४९.२	
कुल जम्मा					**१११६८९**	

असुल गर्नुपर्ने	१,११,६८९

४४ बढी दरमा ट्याक कोट राखेकोः

सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ को स्फेसिफिकेसन नं. १३०२ मा Bituminous तथा Granular Surface मा ट्याक कोटको स्प्रे दर बढीमा ०.६० लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ। यस कार्यालयले विभिन्न योजनाहरुमा स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ (संसोधन २०७८) ले तोकेको दर भन्दा बढी हुने गरी राखेको देखियो। स्फेसिफिकेसनले प्रति वर्ग मिटर ०.६० लिटर भन्दा बढि हुन नसक्ने भनिएकोमा समेत लागत अनुमान गर्दा नै सो भन्दा बढी हुने गरी दर राखी सम्झौता गर्नु, छर्किनु र भुक्तानी दिनु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन। स्फेसिफिकेसनले तोकेको दर भन्दा देहाय अनुसार बढी दरमा ट्याक कोटको प्रयोग गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

क्र.सं.	आयोजनाको नाम	काम भएको क्षेत्रफल	भएको दर	बढी	परिमाण	दर	रकम	मू.अ. कर समेत
१	अर्थुङ्गे पुलाचौर भुतपानी सडक	१५१४.३५	०.७	०.१	१५१.४	१८०	२७२५८	३०८०२
२	बेनी अर्थुङ्गे तोरिपानी पात्लेखेत	३९४४.३	०.७	०.१	३९४.४	१८०	७०९९७	८०२२७
३	संगमचोक हुलाक चोक हुदै बेनी पुलाचौर	४५७.०४	०.७५	०.१५	६८.६	१७०	११६५५	१३१७०
जम्मा								१२४१९९

असुल गर्नुपर्ने	१,२४,१९९

४५ **सब बेस भन्दा बढी क्षेत्रफलमा बेस कोर्ष गरेकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) अनुसार निर्माण कार्यको भुक्तानी गर्दा बास्तविक भएको कामको नाप जाँच गरी नापी भएको कामको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ। कार्यालयले माहारानी थान छापा डाँडाखेत सडक स्तरोन्नती कार्यको निर्माण व्यवसायी श्री सक्षम ब्रदर्सले १६५२.६० वर्गमिटरमा सबबेस गरिएकोमा बेस कोर्ष १६८६.६० वर्ग मिटर क्षेत्रफलमा गरेको पाइयो। सब बेस गरिसके पश्चात सो माथि बेस कोर्ष गरिने हुदा सबबेसको क्षेत्रफल भन्दा बढी बेसकोर्षको क्षेत्रफल हुने आधार देखिँदैन। कार्यालयले सबबेस गरेको क्षेत्रफल भन्दा ३४ वर्गमिटर बढी क्षेत्रमा बेस कोर्ष राखी नापी गरेको पाइयो। बेस कोर्षको मोटाई ०.१५ मिटर रहेको देखिँदा ३४ व.मि. क्षेत्रफलमा कुल ५.१ घन मिटर बेस कोर्ष राखेको प्राविधिक पुष्ट्याईँ समेत नदेखिँदा प्रति घ.मि. रु. २५००.०० का दरले हुने रु. १२७५०.०० को मूल्य अभिवृद्धि कर समेत हुने रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१४,४०८

४६ **रावण पार्क निर्माणः**

बेनी नगरपालिकाको वडा नं ५ मा रावणको मुर्ति सहित पार्क निर्माण गर्ने गरी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ७० प्रतिशत र बेनी नगरपालिकाको ३० प्रतिशत लागत सहभागिता रहने गरी रु. २,९०,५०,५४६.६० को लागत अनुमान बनाई बोलपत्र आह्वान गरिएकोमा न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा रु. १,७६,७७,५६३.९१ कवोल गर्ने धर्मा एस. कस्यप जे.भी. को बोलपत्र स्वीकृत भएको पाइयो। निर्माण कार्य १५ महिना भित्र सम्पन्न गर्ने गरी मिति २०७८।०६।१७ मा सम्झौता भएकोमा मोविलाईजेसन पेस्की रु. ३५,३५,०००.०० तथा आर्थिक वर्ष २०७९।८० भित्र दुई वटा बिलबाट रु. ३३,६९,९५६.०० भुक्तानी गरेको छ भने यस आर्थिक वर्षमा कार्य सम्पन्न गरेको भनी पेश भएकोमा मन्त्रालयबाट बजेट निकासा नभएको जनाई सोको भुक्तानी भएको देखिएन। सम्झौतामा तोकिएको मितिमा निर्माण सम्पन्न हनु नसक्दा मिति २०८२।०३।२५ सम्म म्याद थप भएको यस योजनाका सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्।

४६.१ **भेरिएसनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यन्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था गरिएको छ।कार्यालयले मुर्ति निर्माण स्थलमा पहिरो गएकोले सो को सुरक्षाको लागि २२१ घ.मी. जाली लगाउने कार्य थप गरी प्रति घन मिटर रु. ४२२५.०० मा दर negotiation गरी रु. ९३३७२५.०० (मू.अ.कर बाहेक) लागत थप भएको देखियो। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले दिएको निर्देशनको बुदा नं. ७ मा भेरिएसन र मुल्य समायोजन गर्नुपरेमा पालिकाले नै नियमानुसार गर्नुपर्ने र दायित्व समेत पालिकाले नै व्यहोर्नु पर्ने गरी निर्देशन दिएकोमा भेरिएसनबाट थप भएको कामको भुक्तानी संघीय मन्त्रालयले दायित्व नलिने देखिँदा सोको दायित्व यही कार्यालयमा परेको छ। कार्यालयले समपुरक तर्फबाट संचालन हुने आयोजनामा थप दायित्व सिर्जना गर्दा बजेट समेत सुनिश्चित हुने गरी सभाको स्वीकृति लिएर मात्र गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४६.२ **निर्माण कार्यमा ढिलाईः** संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७७।११।०३ च.नं. २४७ बाट गरेको पत्राचारको बुँदा नं. १० मा तोकिएको समयमा योजना सम्पन्न नभएमा सो म्याद सम्म सम्पन्न भएका कार्यहरुको मुल्याङ्कन गरी मन्त्रालयको भार अनुसारको रकम निकासा गरिने, तत्तपश्चात योजनाको भुक्तानी लगायतका सम्पुर्ण जिम्मेवारी पालिकाको रहने भनी व्यवस्था गरेको छ।

सम्झौता अनुसार १५ महिना अर्थात मिति २०७९।०९।१६ भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।०६।१७ मा सम्झौता गरेकोमा सो अवधिमा रु. ३३,६९,९५६.०० को मात्र कार्य भएको र सो अनुसारको मात्रै भुक्तानी भएको पाइयो। मन्त्रालयले तोकेको अवधी भित्र अथवा योजनाको सम्झौता अवधि भित्र निर्माण सम्पन्न हुन नसकेको हुँदा कार्यालयले म्याद थप गरेको र मिति २०८२।०३।०९ मा तयार गरेको अन्तिम बिल अनुसार रु. १४०८९३५२.४० रकमको बिल तयार पारी मन्त्रालयमा बजेट माग गरेको देखियो। मन्त्रालयले मिति २०८२।०४।२२ मा च.नं. १३ बाट पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी संचालन तथा व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम संचालित आयोजनाको प्रगति विवरण माग गरेकोमा सो पत्रानुसार समेत मन्त्रालयले निर्माण व्यवसायी सँग सम्झौता अवधि सम्म सम्पन्न भएको भौतिक प्रगतिको विवरण माग गरेको छ। मन्त्रालयले माग गरेको विवरणमा समेत सम्झौता अवधि भित्र निर्माण भएको कामको मात्र प्रगति माग गरेको हुँदा सुरु सम्झौता अवधि सम्म जे जति काम भएको थियो सो कामको मात्र भुक्तानी दिने गरी विवरण माग गरेको देखिन्छ। कार्यालयले कुल रु. १४०८९३५२.४० सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने गरी बिल उठाएकोमा रु. १०३००७९८.०० मन्त्रालयको योगदान रहने गरी बजेट माग गरेको देखियो। मन्त्रालयले गरेको पत्रानुसार सुरु सम्झौता अवधि पश्चातको कामको भुक्तानी दिने अवस्था नदेखिँदा मन्त्रालयबाट माग गरेको बजेटको भार समेत यही कार्यालयमा पर्ने अवस्था देखिन्छ। साझेदारीमा संचालन भएका आयोजनामा निर्माण कार्यमा भएको ढिलाईको कारण पालिकालाई थप व्ययभार पर्ने देखिँदा आयोजनाको निर्माण सम्पन्न बमोजिमको रकमको ७० प्रतिशतले हुने रकम निकासा दिई पालिकाको व्ययभार कम गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

४६.३ **निर्माण कार्यको गुणस्तरः** सम्झौतामा तोकिएको गुणस्तर अनुसारको गुणस्तर कायम हुने गरी निर्माण कार्य गरिनु पर्दछ। निर्माण व्यवसायी श्री धर्मा एस. कस्यप जे.भी.ले निर्माण कार्यमा प्रयोग हुने डण्डीको प्रति मेट्रिक टन रु. २४०.०० र १० वटा टाउको जोडिएको रवणको मुर्ति बनाउने कार्यको रु. १८ लाख मात्र कवोल गरेको पाइयो। कार्यालयले तयार गरेको लागत अनुमानमा डण्डीको प्रति मेट्रिक टनको रु. १ लाख भन्दा बढी रहेको र मुर्ति बनाउन एकमुस्ट रु. ८० लाख अनुमान गरिएकोमा अस्वभाविक न्युन कवोल गरेको पाइयो। निर्माण व्यवसायीले मुर्ति बनाउन प्रयोग हुने डण्डी र निर्माण कार्यको लागत अनुमान भन्दा एकदमै घटी कवोल गरेको देखिँदा निर्माण कार्यमा गुणस्तर कायम हुन नसक्ने देखिँदा सो सम्बन्धमा सुनिश्चित हुनुपर्दछ। कार्यालयले निर्माण व्यवसायीलाई कार्यादिश दिँदा देहाय अनुसार हुने गरी मुर्ति निर्माण गर्नुपर्ने गरी स्वीकृति गरेको हुँदा सो मुर्तिमा तोकिए अनुसारको गुणस्तर कायम भए नभएको सम्बन्धमा यकिन गरी कार्यादिश अनुसारको मुर्ति निर्माण भएको सम्बन्धमा विस्वस्त हुनुपर्दछ ।

रावणको मुर्तिको नमुना।

४७ ठेक्का अभिलेखः

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध गराउँदछ। पालिकाले स्वीकृत ढाँचामा आवश्यक विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार आवश्यक सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४८ परामर्श सेवा खरिदः

पालिकाले यस वर्ष विभिन्न आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धी कार्यमा परामर्श सेवा खरिद गरी निम्नानुसार रु. २७५७२०।०० खर्च गरेको पाइयो।

क. सं.	सेवाको विवरण	परामर्शदाता	भुक्तानी रु.	DPR अनुसारको लागत अनुमान रु.	कैफियत
१	Preparation of DPR for the Construction of Bhojanalaya in Ratnechaur [परम वैदिक धार्मिक सनातन आश्रममा श्री लक्ष्मीहरी मन्दिर पूर्वाधार निर्माण]	Kanjirowa Engineering Solution Pvt.Ltd.	२७५७२०	७१८४२७८.०६	हालसम्म बजेट विनियोजन नभएको र कार्यान्वयनको प्रकृयामा नगएको।
२	Structural Analysis for Upgrading of Khulla Manch Rangashala			७३५१३९६.१५	आर्थिक वर्ष २०८१।८२ को लागि रु. २५ लाख विनियोजन भएको।
	जम्मा		२७५७२०	१४५३५६७४.२१	

माथिको विवरण अनुसार श्री लक्ष्मीहरी मन्दिर पूर्वाधार निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माणको र खुला मञ्च रङ्गशाला स्तरोन्नति आयोजनाको स्ट्रक्चुरल एनालाइसिसको लागि काञ्जिरोवा ईन्जिनियरिङ सोलुशन प्रा.लि.सँग भएको सम्झौता अनुसार रु. २७५७२०.०० भुक्तानी गरी प्राप्त विस्तृत परियोजना प्रतिवेदन अनुसार लक्ष्मीहरी मन्दिर पूर्वाधार निर्माणको लागि रु. ७१८४२७८.०६ लागत लाग्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०८२।८३ मा सो आयोजनाको लागि बजेट विनियोजन भएको कार्यान्वयन प्रकृयामा गएको पाइएन। स्ट्रक्चरल एनालाइसिस प्रतिवेदन तयारी गरिएको खुलामञ्च रङ्गशाला स्तरोन्नति आयोजनामा लागत अनुमानको एक तिहाई मात्रै बजेट विनियोजन भएको देखिँदा परामर्श सेवा खरिदमा भएको खर्चको उपयोगिता र औचित्य पुष्टि हुँदैन। तसर्थ परामर्शदातालाई भुक्तानी गरी प्राप्त अध्ययन प्रतिवेदनको कार्यान्वयन सुनिश्चित हुने गरी आवश्यकता र औचित्यको आधारमा मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ।

४९ भुक्तानी दिन बाँकी बिवरण ;

1.

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ अनुसार महालेखा नियन्त्रक कार्यालयबाट तर्जुमा भई महालेखापरीक्षकबाट स्वीकृत लेखाको ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण बमोजिम सरकारी कारोबारको लेखा राख्नुपर्दछ। सरकारी कार्यालयले चालु आर्थिक वर्षमा सिर्जना भएको भुक्तानी दिन बाँकीको जिम्मेवारी आगामी वर्षमा सार्ने प्रयोजनको लागि महालेखारीक्षकको फाराम नं. २२१ को भुक्तानी दिन बाँकीको (खाता तथा कच्चाबारी) प्रमाणित विवरण संलग्न हुनुपर्नेमा पालिकाले सो बेगर भौचर नं. ११९।२०८१-८-१३ बाट घर नम्बर प्लेट छपाई बापतको भक्तानी बापत डि.जि.प्रिन्ट एण्ड फ्रेम उद्योगलाई गत आर्थिक वर्ष २०८०।८१ मा भुक्तानी दिन बाँकी रकम रु. ५८५६५४ भुक्तानी गरेको पाइयो। यसरी नियमानुसार प्रमाणित भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी बेगर गत वर्षको दायित्व बापत भुक्तानी भएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	५,८५,६५४

५० तलब भत्ता भुक्तानीः

पालिकाले यस वर्ष तलब भत्ता बापत गरेको भुक्तानी सम्बन्धमा देखिएका बेहोरा तपशिल बमोजिम रहेका छन्।

५०.१ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिका तर्फका ४२ र संघीय निजामती सेवा तर्फका १ स्थायी कर्मचारीको रु. २९९५९७७७ र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत

स्वास्थ्य तर्फका स्वीकृत दरबन्दीका स्थायी कर्मचारीको तलब भत्ताको लागि प्राप्त (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) शिर्षकबाट रु. २ करोड ९१ लाख ९ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

५०.२ **स्वीकृत दरबन्दी र तलब भत्ता भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **५४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुने उल्लेख छ। पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्दछ। कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा पैदलमार्ग निर्माण तथा मोटरबाटो सोलिङका २० वटा आयोजना सञ्चालन भएको पाइयो। सूचीकृत ९९६ बेरोजगार मध्ये रोजगारीका लागि छनोट भएका ६९ जनाले यस वर्ष पालिकामा सञ्चालित आयोजनाबाट औसत ९७.८० दिनका दरले जम्मा ६७४७ दिन रोजगारी प्राप्त गरेकोमा ज्याला बापत कुल रु. ३३ लाख ९६ हजार ३११ भुक्तानी भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकामा विनियोजित बजेट रु. ८२ लाख ९७ हजार मध्ये श्रमिकको ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ६० लाख ३ हजार ८७४ खर्च भएको छ। कार्यक्रम अन्तर्गत भएको खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि दीर्घकालीन रोजगारी सिर्जना र स्थानीय विकास निर्माणका कामको दीगोपना अभिवृद्धिमा प्रभावकारी योगदान पुगेको देखिँदैन। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

५१.१ **न्यूनतम रोजगारः** रोजगारीको हक सम्बन्धी ऐन - २०७५ को दफा ८(१) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगार प्रादान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष रोजगारीका लागि छनोट भएका लाभग्राहीलाई औसत ९७.८० दिन मात्रै रोजगार प्रदान गरेको देखिँदा सम्बन्धित लाभग्राहीहरु न्यूनतम रोजगारीको हकबाट वञ्चित हुन गएको पाइयो। ऐनको व्यवस्था अनुसार न्यूनतम रोजगार सुनिश्चित हुनेगरी रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५१.२ **श्रमिकको ज्याला भुक्तानीः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा २७(२) अनुसार लाभग्राहीलाई ज्यालाको भुक्तानी मासिक रुपमा गर्नुपर्नेमा पालिकाले यस वर्ष सञ्चालित आयोजनामा खटिएका श्रमिकहरुलाई मासिक रुपमा ज्याला बापतको भुक्तानी नगरी आर्थिक वर्षको अन्त्यमा एकमुष्ट भुक्तानी गरेको पाइयो। निर्देशिकाको व्यवस्था अनुसार मासिक रुपमा ज्याला भुक्तानी नहुँदा काममा खटिएका लाभग्राहीको दैनिक जीवनयापन आर्थिक रुपले कठिन हुन जाने हुँदा निर्देशिका बमोजिम मासिक रुपमा नियमित ज्याला भुक्तानीको व्यवस्था मिलाउनुपर्दछ।

५१.३ **प्रगति समीक्षा र प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा ७३(४) मा सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले आफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन

सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा आवधिक समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गरेको पाइएन। निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना गरी कार्यक्रमको प्रभावकारिता प्रवर्द्धन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५२ **आहारा विकास कार्यक्रमः**

पालिकाले आहारा विकास कार्यक्रम अन्तर्गत घाँसको बीउ वितरण गर्दा न्यायसङ्गत, पारदर्शी र प्रभावकारी प्रकिया अपनाउनुपर्दछ। पालिकाले कुन वडा मा कति किसानलाई कति मात्रामा घाँसको बीउ चाहिएको छ भनी लाभग्राही किसानको सूची तयार नगरी एवम् माग सङ्कलन बेगर गो.भौ.नं. १० मिति २०८१।८।९ मा एग्रिकल्चर सोलुसन हाउसलाई रू. १३९१०० भुक्तानी गरी हिउँदे घाँसको बीउ र गो.भौ.नं. ३८७ मिति २०८१।१२।१४ बाट आभास भेटेरीनरी सप्लायर्सलाई रू. १५७६०० भुक्तानी गरी बर्खे घाँसको बीउ खरिद गरी वितरण गरेको छ। पालिकाले बीउ प्रयोग भए नभएको फिल्ड अनुगमन गरी प्रतिवेदन तयार नगरेकाले लक्षित वर्गले घाँसको बीउ पाए नपाएको र कार्यक्रमको उद्धेश्य प्राप्त भए नभएको यकिन हुन सकेन। पालिकाले घाँसको बीउ खरिद तथा वितरण गर्दा किसानहरूबाट मागको सङ्कलन तथा वितरणको सूचना सार्वजनिक गरी बीउमा लाभग्राही किसानको पहुँच सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्छ।

५३ **पदाधिकारी सेवा सुविधा:**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी अन्य सुविधा शिर्षकमा रु. १ करोड ४० लाख विनियोजन गरेकोमा ४९ जना जनप्रतिनिधिहरुको सेवा सुविधा, चाडपर्व सुविधा र बीमा सुविधा (४९ जनाको) समेत जम्मा रु. १ करोड २८ लाख ८६ हजार खर्च गरेको छ।

५४ **आन्तरिक राजस्व आय तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक राजस्व आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. ४,५२,४०,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३,९४,६८,०६४.८१ राजस्व आम्दानी प्राप्त भएको छ।

५४.१ **आन्तरिक आयको योगदानः** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघीय समानीकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च (समानीकरण)	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१०,९०,१८,००० .००	३,९४,६८,०६४.८१	३६.२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय समानीकरण अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३६.२० प्रतिशत मात्र रहेको छ।

५४.२ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। सोही बमोजिम पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशील रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	प्राप्ति	प्राप्ति %
१	एकीकृत सम्पत्ति कर	७००००००	३०७७८१९.७	४४%
२	भूमिकर/मालपोत	२५०००००	२७७६३७५.३	१११%
३	घरजग्गा रजिष्टेशन दस्तुर	०	०	0%
४	बहाल कर	९२०००००	६०३६७९४.७	६६%
५	बहाल बिटौरी कर	४५०००००	३८५६००१	८६%
६	सवारी साधन कर (साना)	२०००००	१५५५००	७८%
७	कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर	२५०००	१३२९०.०४	५३%
८	अखेटोपहारमा लाग्ने कर	०	०	0%
९	अन्य कर	३८०००००	१६६५२६१	४४%
१०	परीक्षा शुल्क	५००००	८४००	१७%
११	अन्य प्रशासनिक सेवा शुल्क	५०००००	३९२७००	७९%
१२	नक्सापास दस्तुर	८०००००	२००६०३	२५%
१३	सिफारिश दस्तुर	६००००००	४६८७०९३.८	७८%
१४	व्यक्तिगत घटना दर्ता दस्तुर	८०००००	८२०४५०	१०३%
१५	नाता प्रमाणित दस्तुर	३०००००	१६०५००	५४%
१६	अन्य दस्तुर	३१५०००	४२५०	१%
१७	व्यावसाय रजिष्ट्रेशन दस्तुर	२०००००	१२८००	६%
१८	व्यवसाय कर	३००००००	३२५६२५९	१०९%
१९	प्रदुषण नियन्त्रण शुल्क	४५०००००	५०५११८०	११२%
२०	अन्य राजस्व	१०५००००	७१९२६६७.३	६८५%
२१	प्रशासनिक दण्ड जरिवाना र जफत	५०००००	१३०१२०	२६%
जम्मा		४५२४००००	३९४६८०६४.८	८७%

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१।८२ अनुमानको अनुपातमा ९७.०० प्रतिशत राजस्व आम्दानी प्राप्त गरेको छ। कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ। कतिपय शिर्षकमा अनुमान नै न्यून गरिएको देखिँदा यस पालिकामा पहिचान भएका सबै आन्तरिक राजस्वका श्रोतहरु उचित तरिकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रुपमा संकलन भएको राजस्व सम्बन्धित शिर्षकमा समयमै दाखिला गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको यर्थाथपरक अनुमान मार्फत आन्तरिक स्रोतको परिचालनमा अभिवृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५४.३ **सिफारिस र शुल्क असुलीः** वडा तथा पालिकाबाट जारी हुने सिफारिसमा स्थानीय तहको सभाले तोके बमोजिमको शुल्क असुली हुनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षण नभएको तथा सिफारिस शुल्क दाखिला र सिफारिस सङ्ख्या सम्बन्धमा वडाहरूको चलानी किताब भिडान हुने नगरेकोले वडाहरूबाट भएको सबै सिफारिसमा सिफारिस दस्तुर असुल भएनभएको यकिन गर्न सकिएन।

सिफारिस र सिफारिस शुल्क असुलीमा आन्तरिक नियन्त्रण कायम गर्न वडाहरुबाट प्राप्त सिफारिस शुल्क र चलानी किताब बमोजिम सिफारिस सङ्ख्या भिडान हुनुपर्दछ।

५४.४ **करदाता अभिलेख र व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. ३२६९०५९.०० कर सङ्कलन गरेको देखियो। पालिकाले आफ्नो क्षेत्रभित्र व्यवसायिक रूपमा सञ्चालन भएका होटल, रेष्टुरेन्ट, जलविद्युत आयोजना तथा अन्य व्यवसायको विषयगत वर्गीकरण गरी अभिलेख राख्ने, निर्माणपूर्व नक्सापास लगायतको अनुमति दिने तथा निर्माण भैसकेकाको अभिलेखीकरण गर्नुपर्नेमा यस सम्बन्धी व्यवस्थित अभिलेख राखेको छैन। पालिका भित्र पर्ने श्रृङ्गा तातोपानी लगायत स्थानमा रहेका होटल तथा अन्य व्यवसायिक प्रतिष्ठानबाट उपयुक्त कर तथा शुल्क असुलीको व्यवस्थित अभिलेख पालिकामा पाइएन। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको करदाता अभिलेख अद्यावधिक गरेको नदेखिँदा सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी सबै व्यवसायीहरुलाई व्यवसाय करको दायराभित्र ल्याउनु पर्दछ।

५४.५ **सामुदायिक वनबाट आय:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ङ - २) अनुसार स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन संघ तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। सोही ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी राजस्व आम्दानी बाँधेको समेत देखिएन। स्थानीय स्तरमा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था पालना हुनुपर्दछ।

५५ **बक्यौता असुलीः**

नगरपालिकासँग भएको सम्झौता बमोजिम पालिकाको स्वामित्वमा रहेको संरचनामा उपयोग गर्नेले सम्झौता बमोजिम भाडा भुक्तानी गर्नुपर्दछ। नगरपालिकाको अभिलेख परीक्षण तथा प्राप्त विवरण अनुसार निम्नानुसार व्यक्ति तथा संस्थाको ०८०।८१ तथा ०८१।८२ मा देहाय बमोजिम रू. ७९६२७४ असुली हुन बाँकी बक्यौता र जरिवाना रू. १०१११२.८ रहेको पाइयो। उठ्न बाँकी बक्यौता रकम व्याज समेत गणना गरी सम्बन्धितबाट असुल हुनुपर्ने रू.

सि.नं.	बक्यौता राख्नेको विवरण	०८०।८१ को बक्यौता	०८१।८२ को बक्यौता	जरिवाना	कुल जम्मा
१	म्याग्दी कोरोला यातायात प्रा.लि.	०	७२०००	७२००	७९२००
२	धौलागिरी गण्डकी यातायात प्रा.लि.	०	६००००	६०००	६६०००
३	म्याग्दी यातायात प्रा.लि.	०	६००००	६०००	६६०००
४	बेनी यातायात प्रा.लि.	०	६००००	६०००	६६०००
५	ईन्द्रदेवी घर्ती मगर	०	४००००	४०००	४४०००
६	सन्तोष प्रसाद शाह	०	३८१२०	३८१२	४१९३२
७	सन्तोष प्रसाद शाह	०	२४३००	२४३०	२६७३०
८	मानकाजी घिमिरे	८९८५४	४२०००	२२१७०.८	१५४०२४.८
९	हरियाली ग्रुप	०	१२०००	१२००	१३२००
१०	बि.ई.भी. ट्रेडिङ प्रा.लि.	०	५३०००	५३००	५८३००
११	म्याग्दी कोरोला अफिस	१२५०००	१२००००	३७०००	२८२०००
	जम्मा	२१४८५४	५८१४२०	१०१११२.८	८९७३८६.८

असुल गर्नुपर्ने	८,९७,३८६.८

५६ **कृषि तथा पशुमा अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट कृषि तर्फ विभिन्न कृषक/फर्मको लागि रु. १७ लाख ९४ हजार ११० र पशु तर्फ ७५९ कृषक/फर्मको लागि रु. १३ लाख ७७ हजार समेत कृषक/फर्मलाई कृषि तथा पशुमा अनुदान वितरण गर्न जम्मा रु. ४३ लाख ७१ हजार ११० खर्च भएको बेहोरा निम्नानुसार रहेको छ।

कृषि तर्फको अनुदान वितरण विवरण

क्र.सं.	अनुदानको किसिम	लाभान्वित व्यक्ति /समूह	खर्च रु.	कैफियत
१	किवी पकेट विकास कार्यक्रम (५० प्रतिशत अनुदान)	१ समूह	११६४०००	किवी खेती विस्तार
२	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (५० प्रतिशत अनुदान)	-	७०१८२	(धान/गहुँ/मकै)
३	तरकारी प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदान)	-	४६९९२८	वडा नं. ४,५,६,७,८ र १० का कृषक
४	मौरी घार वितरण (५० प्रतिशत अनुदान)	२०	९००००	
५	केरा पकेट विकास कार्यक्रम (५० प्रतिशत अनुदान)	१ समूह	१२०००००	केरा खेती विस्तार
	जम्मा	-	२९९४११०	

पशु तर्फको अनुदान वितरण विवरण

क्र.सं.	अनुदानको किसिम	लाभान्वित व्यक्ति /समूह	खर्च रु.	कैफियत
१	उत्पादनमा आधारित अनुदान (दुध)	१८	४१००००	व्यवसायिक कृषक
२	उत्पादनमा आधारित अनुदान (बाख्रा)	२८	५१७०००	व्यवसायिक कृषक
३	हिउदे घाँसको बीउ जै	३७३	१७५०००	निःशुल्क वितरण
४	बर्षे घाँसको बीउ सुडान बाजरा	३०५	१७५०००	निःशुल्क वितरण
५	माछाका भुरा बितरण कार्यक्रम	३५	१०००००	निःशुल्क वितरण
	जम्मा	**७५९**	१३७७०००	
	कुल जम्मा	-	**४३७१११०**	

कृषि तथा पशुमा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान कार्यक्रम सञ्चालन पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन। अनुदान कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मार्फत सञ्चालित अनुदानको कार्यक्रमबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। कृषि तथा पशुमा अनुदान सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ भने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।

५७ **कालीपुल कृषि भवनः**

बेनी नगरपालिकाको बस पार्क नजिक निर्माण प्रारम्भ गरिएको कालिपुल कृषि भवन रु. ३०,३१,२०५.३८ को लागत अनुमान बनाई बोलपत्र आह्वान गरीएकोमा न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र दाताको रुपमा एस.एस. बिल्डर्स सँग रु. २६,५०,०००.०० मा सम्झौता गरेको पाइयो। लागत अनुमान अनुसारको निर्माण कार्य सम्पन्न गरेको भनी दुई वटा रनिङ्ग बिलबाट रु. २२,४०,९३५.०७ खर्च लेखेको छ। सो कृषि भवन निर्माणका लागि तयार पारेको लागत अनुमानमा भवन निर्माणका लागि Plinth Level सम्म ढलान गर्ने र ४ मिटर कोलम निर्माण गरेको देखियो। निर्माण भैरहेको कृषि भवनमा कोलम सम्मको संरचना निर्माण भएको अवस्थामा रहेको र सो भन्दा माथि कुनै निर्माण कार्य भएको नदेखिँदा कोलममा राखिएको डण्डीमा खिया लागि सोको गुणस्तरमा समेत कमी आउने देखिन्छ। कार्यालयले संरचना निर्माण गर्दा अधुरो रहने गरी निर्माण नगर्ने तर्फ ध्यान दिनुपर्दछ।

५८ **पुरस्कारः**

समयमा वा सम्झौता भन्दा अगाडी कार्यसम्पन्न भएमा पुरस्कार दिने सम्झौतामा उल्लेख नभएको तथा पालिकाबाट निर्मित कुनै पनि नियम तथा कार्यविधिमा व्यवस्था बेगर वडा अध्यक्ष सँग सामाजिक विकास कार्यक्रम शिर्षकबाट वडा नं. ६ अन्तर्गतको डम्मरा सडक स्तरउन्नति उपभोक्ता समितिका अध्यक्ष श्री जीवन श्रेष्ठले योजनाको काम छिटो छरितो सम्पन्न गरेको र वडा नं. ६ का सव इन्जिनियर श्री मिन बहादुर खत्री बेनी नगरपालिकाको कार्यालयमा सरुवा भई जाँदा कार्यसम्पादनको मूल्याङ्कन बापत नगद पुरस्कार पाँच-पाँच हजारको दरले गो.भौ.नं. ९०।२०७१।७।२८ बाट भुक्तानी गरेको सम्बन्धितबाट असुल हुनुपर्ने रु..

असुल गर्नुपर्ने	८,५००

५९ **विज्ञापन प्रकाशन खर्चः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ (ग) मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम विज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सूचना तथा विज्ञापन प्रकाशनको लागि नगरपालिका चालुतर्फ रु. १० लाख बजेट विनियोजन गरेकोमा रु. ९ लाख ५० हजार खर्च गरेको छ। उक्त खर्च विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम विज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रू. २८५००.०० विज्ञापन बोर्डको

कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बेनी नगरपालिका, म्याग्दी , बेनी नगरपालिका , म्याग्दी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नेत्रप्रसाद पौडेल	२०८०-०५-११	२०८१-०६-०४
कार्यालय प्रमुख	अर्जुन शर्मा	२०८१-०६-०७	हाल सम्म कार्यरत
लेखा प्रमुख	गोकुल शर्मा	२०७९-६-२७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,७२१,८२६.५७	१,१६४,०४३	३,४२४,८६९.२३	०	०	५१६,३३८
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१०,८२७,०७६.८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	५,५८२,१५८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५,२४४,९१८.८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५४२४९४६८.४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५०५१२४८६६	चालु खर्च	४७८३०३९७७.२
प्रदेश सरकारबाट अनुदान	२३११८०००	पूँजीगत खर्च	१७७२१५५५०.५
राजश्व बाँडफाँट	११७३६०४४३.९	वित्तीय/अन्य व्यवस्था	२११५१०६२४.४७
आन्तरिक आय	३९४६८०६४.८१		
अन्य आय	१८४३६५८६५.५		
कुल आय	८६९४३७२४०.२१	कुल खर्च	८६७०३०१५२.१७
बाँकी मौज्दात		५६६५६५५६.४४	

अनुसूची - २

बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१३,१०,८४,९९०.९६	०.००	१३,१०,८४,९९०.९६	१२,४७,६१,५५२.२९	०.००	१२,४७,६१,५५२.२९
१३०००	अनुदान		५०,१९,४५,८९१.५०	०.००	५०,१९,४५,८९१.५०	४९,२८,९८,८९३.७०	०.००	४९,२८,९८,८९३.७०
१४०००	अन्य राजस्व		२,५५,७०,७६१.२८	०.००	२,५५,७०,७६१.२८	२,२७,१३,६४७.२१	०.००	२,२७,१३,६४७.२१
१५०००	विविध प्राप्ति		३,०६,५५२.२०	०.००	३,०६,५५२.२०	१७,९९,३८७.००	०.००	१७,९९,३८७.००
क	**कुल जम्मा प्राप्ति**		६५,८९,०८,१९५.९४		६५,८९,०८,१९५.९४	६४,२१,७३,४८०.२०		६४,२१,७३,४८०.२०
२	चालु		४७,८३,०३,९७७.२१	०.००	४७,८३,०३,९७७.२१	४८,८९,५३,३५५.४३	०.००	४८,८९,५३,३५५.४३
[illegible]१०००	पारिश्रमिक / सुविधा		३०,३०,८४,१९३.७३	०.००	३०,३०,८४,१९३.७३	२४,७५,३५,३२८.३८	०.००	२४,७५,३५,३२८.३८
२२०००	मालसामान तथा सेवाको उपयोग		१३,८६,७६,९२५.४८	०.००	१३,८६,७६,९२५.४८	१४,३८,०९,३६१.०५	०.००	१४,३८,०९,३६१.०५

२५०००	सहायता (Subsidy)		२,६६,६०,०२१.००	०.००	२,६६,६०,०२१.००	८,०८,३६,२८१.००	०.००	८,०८,३६,२८१.००
२७०००	सामाजिक सुरक्षा		९१,८९,०५८.००	०.००	९१,८९,०५८.००	१,०५,६८,४७४.००	०.००	१,०५,६८,४७४.००
२८०००	अन्य खर्च		६,९३,७७९.००	०.००	६,९३,७७९.००	६२,०३,९११.००	०.००	६२,०३,९११.००
४	पूंजीगत		१७,७२,१५,५५०.४६	०.००	१७,७२,१५,५५०.४६	१५,९५,३३,७९४.५२	०.००	१५,९५,३३,७९४.५२
३१११०	भवन तथा संरचना		२,६२,३७,८९२.५४	०.००	२,६२,३७,८९२.५४	३,०४,८०,५०३.००	०.००	३,०४,८०,५०३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		६१,९४,३७०.००	०.००	६१,९४,३७०.००	१८,५९,२१०.००	०.००	१८,५९,२१०.००
३११३०	अन्य पूंजीगत खर्च		१३,३२,०५८.००	०.००	१३,३२,०५८.००	४२,००,०००.००	०.००	४२,००,०००.००
३११४०	सुरक्षा उपकरण		२,५०,०००.००	०.००	२,५०,०००.००	०.००	०.००	०.००
३११५०	सार्वजनिक निर्माण		१४,२५,७६,७१२.९२	०.००	१४,२५,७६,७१२.९२	१२,२४,९५,३३१.५२	०.००	१२,२४,९५,३३१.५२
३११६०	निर्मितसरचनाको सुधार खर्च		६,२४,५१७.००	०.००	६,२४,५१७.००	०.००	०.००	०.००
३११७०	पूंजीगत सुधार खर्च		०.००	०.००	०.००	४,९८,७५०.००	०.००	४,९८,७५०.००
ख)	**कुल जम्मा भुक्तानी**		६५,५५,११,५२७.६७		६५,५५,११,५२७.६७	६४,८४,८७,१४९.९५		६४,८४,८७,१४९.९५
ग)	**बचत /कमी (ग = क-ख)**		३३,८८,६६८.२७		३३,८८,६६८.२७	(६३,१३,६६९.७५)		(६३,१३,६६९.७५)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		(९,६१,५८०.२३)		(९,६१,५८०.२३)	(४३,३७,५८५.८८)		(४३,३७,५८५.८८)
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**							
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		२४,२७,०८८.०४		२४,२७,०८८.०४	(१,०६,५१,२५५.६३)		(१,०६,५१,२५५.६३)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		५,४२,४९,४६८.४०		५,४२,४९,४६८.४०	६,४८,१७,०००.६३		६,४८,१७,०००.६३
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		५,६६,७६,५५६.४४		५,६६,७६,५५६.४४	५,४१,६५,७४५.००		५,४१,६५,७४५.००

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ। तातोपानी कुण्डको आम्दानीलाई यथार्थ आगन्तुकको संख्यामा आधारित बनाई प्रतस्पर्धी रुपमा आय सङ्कलनको व्यवस्थापन हुनुपर्दछ। साथै बहाल कर लगायत अन्य कर, दस्तुर तथा सेवा शुल्क असुलीमा समेत ध्यान दिनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोही ऐनको दफा ७७(३) मा उल्लेख भए बमोजिम आन्तरिक लेखापरीक्षणको प्रतिवेदनले औंल्याएका कैफियत उपर अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।